# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक १३१ | काठमाडौं | शुक्रबार, १५ भदौ २०८० | Prabhab National Daily | Friday, September 1, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




गाइजात्राको अवसरमा बिहीबार भक्तपुर दरबार परिसरमा दिवंगत परिवारका सदस्यको सम्झनामा आफन्तले निकालेको गाईजात्रा ।
*तस्बिर: चन्द्रकला क्षेत्री/रासस*

# एमसिसीमा लफडा गर्ने मुडमा समाजवादी मोर्चा

- प्रधानमन्त्री दाहाल व्याख्यात्मक घोषणाअनुसार कार्यान्वयनको पक्षमै, खारेज गर्नुपर्ने पक्षमा चन्द र झलनाथ खनाल, माधवको मौन समर्थन
- चन्दको दलले आज एमसिसी र समाजवादी मोर्चाबारे छलफल गर्दै



■ **जेबी योञ्जन**

**काठमाडौं–** कार्यान्वयनका लागि सम्झौता भइसकेको अमेरिकी सहयोग परियोजना (एमसिसी)मा सत्तारुढ दलमै रहेको समाजवादी मोर्चा लफडा गर्ने मुडमा देखिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल आफैं एसिसीको विरोधमा सडकमा निस्कने ठाउँ रहेको बताउँदै आफूलाई सरकारबाट कसैले हटाउन नसक्ने दाबी गर्न थालेका छन् ।

बुटवलहुँदै सुर्खेत पुग्दा दाहालले एसिसीमा पटक-पटक बोली फेरेर समाजवादी मोर्चाको असन्तुष्टिलाई साम्य पार्न खोजेका छन् । सत्ताको प्रमुख घटक नेपाली कांग्रेसलाई 'साइज'मा राख्न राष्ट्रिय सभागृहमा घोषणा गरिएको समाजवादी मोर्चाको निशाना अहिले एमसिसी देखिएको छ ।

मोर्चाको सन्देश सभाहरूमा प्रधानमन्त्री दाहालसहितका नेताहरूको व्यक्त धारणाले एमसिसीको कार्यान्वयनलाई लिएर प्रस्ट मतभेद रहेको देखिएको हो । मतभेदको असर भने मोर्चामा नपर्ने उनीहरूको दाबी छ ।

(क्रमशः पृष्ठ २ मा)

## नेपाल र चन्दको ढाडस

झट्ट हेर्दा भ्रष्टाचार, तस्करी र ठगीविरुद्धको अभियान छेडेर सुशासन कायमबारे प्रधानमन्त्री पुष्पकमल दाहालले सन्देश दिन खोजिरहेका बेला मोर्चाका दुई नेता माधवकुमार नेपाल र नेत्रविक्रम चन्दले दाहाललाई ढाडस दिएका छन् ।

यतिसम्मकी सरकार ढल्ला भनेर चिन्तै नलिन दाहाललाई पूर्वप्रधानमन्त्रीसमेत रहेका नेता नेपालले आग्रह गरे । 'यो सरकारलाई देशी, विदेशी कुनै शक्तिले हल्लाउन सक्दैन । यो सरकार कहिले ढल्ने हो भन्ने चिन्ता छ भने त्यसबाट मुक्त हुनुस्,' नेपालले बिहीबार सुर्खेत पुगेर भने, 'कसैलाई ढलोस् भन्ने लागेको छ भने असिन-पसिन हुन दिनुस् । हामीले यो सरकार राम्रो उद्देश्यका निम्ति बनाएका छौं ।'

(क्रमशः पृष्ठ २ मा)

# चुच्चे नक्सालाई चिनेन चीनले

■ **प्रभाव संवाददाता**

- केपी शर्मा ओली प्रधानमन्त्री छँदा लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई समेटेर जारी गरिएको चुच्चे नक्सालाई चीनले मान्यता नदिएपछि बालेनको विरोध
- चीनले कुन सन्दर्भमा कसरी नक्सा जारी गऱ्यो भन्ने बारेमा कूटनीतिक पहलबाट कुराकानी गर्ने सरकारको तयारी

**काठमाडौं–** नेपालले जारी गरेको चुच्चे नक्सालाई चीनले नचिनेपछि काठमाडौंका मेयर बालेन्द्र साह 'बालेन'ले यो कदमको विरोध गरेका छन् । सोमबार चीनको प्राकृतिक स्रोत मन्त्रालयले जारी गरेको नक्सा पुरानै देखिएपछि मेयर बालेनले विरोध जनाएका हुन् । 'पहिलेको बुच्चे नक्सालाई कायम गरेर नेपालको नक्सा सार्वजनिक गरेको छ । नेपाली भूभागलाई चीनले नेपाललाई नै नसोधी भारतको देखाउनु हाम्रो संवेदनशीलतामाथि चालेको गलत कदम मानेका छौं,' मेयर साहले फेसबुकमार्फत भनेका छन् । एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री छँदा लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई समेटेर २०७७ जेठ ७ मा नयाँ चुच्चे नक्सा प्रकाशन भएको थियो । (क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# सप्लाइ कम्पनीमा साउदी पुगेका श्रमिक समस्यामा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगी सप्लाइ कम्पनीमार्फत काम गर्ने नेपाली श्रमिक समस्यामा परेको बताइएको छ । साउदीमा सप्लाइ तथा कन्ट्र्याक्टिङ कम्पनीमार्फत काम गर्ने श्रमिकहरुले समयमै तलब भुक्तानी नपाउने, तोकिएको सेवासुविधा कटौती गर्ने र परिस्थितिवस स्वदेश फर्कनु परे 'एक्जिट पर्मिट' नदिनेलगायतका समस्या खेप्नुपरेको रियादस्थित नेपाली दूतावासले जनाएको छ ।

दूतावासले रोजगारीका लागि साउदी प्रस्थान गर्नुअघि आफू जाने कम्पनीको बारेमा राम्ररी जानकारी लिन नेपाली श्रमिकहरुलाई आग्रह गरेको छ । सप्लाइ कम्पनीमार्फत काम गर्ने श्रमिकहरु बढी समस्यामा परेको भन्दै दूतावासले यसतर्फ सचेत गराएको छ । दूतावासले श्रम सम्झौतामा उल्लेख भएका रोजगारदाता कम्पनीबारे उनीहरुको वेबसाइट वा अन्य स्रोतबाट पनि आवश्यक जानकारी लिन सकिने जनाएको छ ।

सप्लाइ तथा कन्ट्र्याक्टिङ कम्पनीमा काम गर्ने श्रमिकहरु समस्यामा परेको भन्दै दूतावासमा आउने संख्या उल्लेख्य रुपमा रहेको पनि दूतावासले जनाएको छ । श्रमका लागि आवश्यक जनशक्ति सप्लाइ गर्ने उद्देश्यले सञ्चालित अधिकांश कम्पनीहरु रिक्रुटमेन्ट एजेन्सी, म्यानपावर सोलुसनजस्ता नाम राखेर श्रमसम्बन्धी कारोबार गर्ने भएकाले बुझेरमात्रै वैदेशिक रोजगारको प्रक्रिया अघि बढाउन पनि दूतावासले सुझाव दिएको छ ।

यस्तै श्रमिकहरुलाई सप्लाइ कम्पनीमार्फत तहगतरुपमा सप्लाइ गरी रोजगारी दिने हुँदा त्यस्ता कम्पनीले दिने पारिश्रमिक तथा अतिरिक्त समयको सुविधासमेत न्यून हुने गरेको कारण समस्या आइरहेको पनि दूतावासले प्रस्ट पारेको छ । साउदीमा रहेका अधिकांश रोजगारदाता एजेन्सीमार्फत श्रमिक लिने कम्पनीहरुले एजेन्सीसँग गरेको सम्झौता सकिए वा भंग गर्दा समयमै भुक्तानी नहुँदा श्रमिकहरु शोषणमा पर्ने गरेको बताइन्छ । त्यतिमात्र नभई साउदीबाट करार अवधिभन्दा पहिल्यै पारिवारिक वा अन्य बाध्यताले काम छोडेर स्वदेश फर्किनुपर्ने अवस्था आए रोजगारदाता कम्पनीले श्रमिकहरुलाई अनिवार्यरूपमा 'एक्जिट पर्मिट' दिनुपर्ने व्यवस्था छ । तर, सप्लाइ कम्पनीमार्फत काम गर्ने नेपाली श्रमिकहरुले बाध्यात्मक अवस्थामा पुगे पनि समयमै एक्जिट पर्मिट नपाउँदा सास्ती खेप्नुपरेको दूतावासले उल्लेख गरेको छ ।

यस्तै केही दिनअघि साउदी भ्रमणमा रहेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री राजेन्द्र लिङदेनले पनि साउदी अरबमा सप्लाइ कम्पनीमा नेपाली कामदार पठाउने कार्य बन्द गर्नुपर्ने बताएका छन् । पार्टीको भ्रातृ संगठन निर्माणका क्रममा साउदीमा रहेका नेपाली श्रमिकहरुसँगको अन्तरक्रियापश्चात् सप्लाइ कम्पनीमा काम गर्ने नेपालीहरुले दुःख पाइरहेको जानकारीमा आएको भन्दै लिङदेनले यसतर्फ सरकारको ध्यानाकर्षण गराउने बताए ।

# इजरायलमा कार्यरत सहायक कामदारको समस्याबारे छलफल



**काठमाडौं (प्रस)–** इजरायलका लागि नेपाली राजदूत कान्ता रिजाल र इजरायलको जनसंख्या तथा अध्यागमन प्राधिकरण (पिआइबिए)का उच्च अधिकारीहरुबीच नेपाली कामदारहरुको समस्या समाधानका विषयमा छलफल भएको छ । जिटुजी (सरकार-सरकारबीच) सम्झौता अनुसार इजरायल पुगेका नेपाली सहायक कामदारहरुको भिसा नवीकरणलगायतका विषयमा देखिएको समस्या निराकरणका लागि छलफल भएको हो ।

हाल इजरायलमा जिटुजीमार्फत एक हजारभन्दा बढी नेपाली सहायक कामदार कार्यरत छन् । उनीहरुमध्ये झण्डै ८०० को संख्यामा भिसा नवीकरण भए पनि बाँकी रहेकाहरुको नवीकरण हुन नसक्दा समस्या देखिएको भन्दै समाधानका लागि दुई पक्षबीच छलफल गरिएको दूतावासले जनाएको छ । छलफलका क्रममा करिब २०० कामदारको भिसा नवीकरण हुन नसकेको विषयमा ध्यानाकर्षण गराइएको दूतावासका प्रथम सचिव एवं प्रवक्ता अर्जुन घिमिरेले बताए । उनका अनुसार इजरायली अधिकारीहरुले समस्यालाई गम्भीरतापूर्वक लिँदै भिसा नवीकरणलगायतका विषयमा कामदारहरुलाई कुनै समस्या हुन नदिने प्रतिबद्वता जनाएका छन् ।

यस्तै गैरआवासीय नेपाली संघ (एनआरएनए) इजरायलले पनि केही दिनअघि जिटुजीमार्फत इजरायल गएर विभिन्न समस्यामा परेका नेपालीका समस्या समाधानको माग गर्दै राजदूत रिजाल र नेपालका लागि इजरायली राजदूत हनान गोडरसँग छलफल गरेको छ । एनआरएनए इजरायलका अध्यक्ष कृष्णप्रसाद भण्डारीको नेतृत्वमा गएको टोलीले केयर गिभरको रूपमा काम गरिरहेका नेपाली श्रमिकले भोग्नुपरेका भिसा नवीकरण, समान श्रम अधिकारलगायतका विषयमा छलफल गरेको बताइएको छ ।

# मुख्यमन्त्री थापाविरुद्धको पूर्ण सुनुवाइ आजबाट

■ **प्रभाव संवाददाता**



- दोस्रोपटक कामचलाउ सरकार बनेका मुख्यमन्त्री उद्धव थापा नेतृत्वको सरकारको आयुबारे सर्वोच्चले आजबाट पूर्ण सुनुवाइ थाल्दै
- कांग्रेस नेतृत्वको सरकार गठन भए पनि केन्द्रमा कांग्रेसकै नेता डा. शेखर कोइरालाको भने असन्तुष्टि जारी
- साउन ५ गते एमाले संसदीय दलका नेता हिक्मत कार्की र शेखरबीच विराटनगरमा करिब एक घण्टा कुराकानी भएको स्रोतको दाबी

**काठमाडौं–** दोस्रोपटक सर्वोच्च अदालतकै आदेशबाट कामचलाउ मुख्यमन्त्री बनेका कोशी सरकारका प्रमुख उद्धव थापाविरुद्धको रिटमाथि पूर्ण सुनुवाइ आजबाट हुँदै छ । साउन ११ गते असंवैधानिक ठहर भएपछि थापा नेतृत्वको सरकार ढलेको थियो । साउन १६ गते उनले पुनः सरकारको नेतृत्व पाए ।

उनै थापाले भदौ ४ गते विश्वासको मत जाँचे । विश्वासको मत लिने क्रममा प्रक्रिया गलत भएको भन्दै एमाले कोशीका संसदीय दलका नेता फेरि सर्वोच्च पुगे । भदौ ७ गते सर्वोच्चले थापा नेतृत्वको सरकारलाई कामचलाउ घोषणा गर्दै पूर्णफैसला नआउञ्जेल दीर्घकालीन असर पार्ने निर्णय नगर्न परमादेश नै दियो ।

'माननीय मुख्यमन्त्री श्री उद्धव थापाले संविधानसम्मत रूपमा विश्वासको मत प्राप्त गरेको मान्न मिल्ने अवस्था नदेखिएकाले निजको नेतृत्वमा गठित प्रदेश सरकारबाट प्रस्तुत निवेदनउपरको सुनुवाइ टुंगो नलागेसम्म दीर्घकालीन असर पर्ने प्रकृतिका साथै नीतिगत प्रकृतिका कुनै निर्णय नगर्नू,' सर्वोच्चको आदेशमा भनिएको छ ।

तत्कालीन सभामुख बाबुराम गौतमको हस्ताक्षरबाट बहुमत पुऱ्याई असार २१ मा पहिलोपटक मुख्यमन्त्री नियुक्त भएका थापाविरुद्ध एमाले नेता कार्कीले असार २२ मा दर्ता गराएको रिटमा सर्वोच्च अदालतकी न्यायाधीश सपना मल्ल प्रधानले गरेको प्रारम्भिक सुनुवाइमा पनि दीर्घकालीन महत्त्वको कुनै पनि निर्णय नगर्न अन्तरिम आदेश जारी भएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

# सिआइबीको टोलीलाई भारत पठाइयो

**काठमाडौं (प्रस)–** हङकङबाट तस्करी गरी ल्याइएको ६१ किलो सुन प्रकरणमा तस्करीका विषयमा सूचना संककलन गर्न नेपाल प्रहरीले सिआइबीका एक अधिकृतसहितको टोलीलाई बिहीबार भारत पठाएको छ । बुधबार सोही प्रकरणको थप सूचना संकलनका लागि सिआइबीका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यलाई हङकङ पठाएको प्रहरीले बिहीबार भारतमा पनि टोली पठाएको हो ।

अहिले भारत गएको टोलीले भारतको नेपाली राजदूतावासमा रहेका प्रहरी वरिष्ठ उपरीक्षक उमाप्रसाद चतुर्वेदीसँग समन्वय गरेर त्यहाँबाट सूचना संकलन गर्नेछ । नेपाल प्रहरीका महानिरीक्षक वसन्तबहादुर कुँवरले आवश्यकताअनुसार प्रहरी टोली परिचालन गरी नेपाल, भारत र हङकङबाट आवश्यक सूचनाहरू संकलन गरिरहेको बताए । यसअघि प्रहरीले हङकङ र भारतको इन्टरपोललाई सहयोग गर्न पत्राचार गरिसकेको छ ।

## सुन तस्करी प्रकरण

हङकङबाट ब्रेक शुमा हालेर ल्याइएको ६० किलो ७१६ ग्राम सुन गत साउन ३ गते राजस्व अनुसन्धान विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय अगाडिबाट बरामद गरेको थियो । उक्त सुन प्रकरणमा भन्सारका कर्मचारीको सहयोगमा नेपाल भित्र्याइएको पाइएको छ । केही कर्मचारीहरू पक्राउ पनि परिसकेका छन् । यस्तै नेपाली, चिनियाँ र भारतीय नागरिक पनि पक्राउ परेका छन् । हङकङबाट ल्याइएको सुन भारत लैजाने तयारी गरिएको सूचना प्रहरीले प्राप्त गरेपछि हङकङ र भारतका सुन तस्करीबारे सूचना लिन प्रहरी दुवै क्षेत्रमा सूचना लिन खटाइएको हो ।

सुन प्रकरणमा प्रहरीले २५ जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ । पक्राउ पर्नेमा भारतीय र चिनियाँसहितका छ जना विदेशी छन् । सिआइबीका प्रहरी उपरीक्षक सञ्जय सिंह थापाको नेतृत्वमा सुन प्रकरणको अनुसन्धान भइरहेको छ ।

# राप्रपाको कार्यालय नभत्काउन अन्तरिम आदेश

**काठमाडौं (प्रस)–** उच्च अदालत पाटनले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को धुम्बाराहीस्थित केन्द्रीय पार्टी कार्यालय नभत्काउन अन्तरिम आदेश दिएको छ ।

उच्च अदालत पाटनका न्यायाधीशद्वय शुभाष पौडेल र नारायणप्रशाद पौडेलको संयुक्त इजलासले रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म निवेदकको जग्गामा निर्मित भवन नभत्काउन अन्तरिम आदेश दिएको राप्रपाका प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार घर भत्काउनेबारे एक जना जग्गाधनीलाई मात्र जानकारी गराएको भन्दै तत्काल घर नभत्काउन अन्तरिम आदेश दिएको हो ।

'मिसिल संलग्न जग्गाधनी दर्ता प्रमाण पूर्जा कागजातबाट निवेदनमा उल्लेखित कित्ता नं ७०७ को जग्गा निवेदक प्रभा चापागाईंको नाममा रहेको देखिएको काठमाडौं महानगरपालिकाबाट प्राप्त संकलन फाइल हेर्दा मिति २०८० साउन १० मा भएको निर्णयमा कित्ता नं २१४ को कल्याणी राजभण्डारीको जग्गामा बनेको भवनको सम्बन्धसम्म निर्णय भएको देखिएको छ,' उच्च अदालत पाटनको आदेशमा भनिएको छ ।

निवेदकको कित्ता नं ७०७ मा निर्मित घरको सम्बन्धमा कुनै निर्णय भएको वा निवेदकलाई जानकारी दिएको नदेखिएकाले उक्त रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म त्यहाँ निर्मित भवन नभत्काउन उच्च अदालतको नियमावली, २०७३ को नियम ४२ (१) बमोजिम विपक्षीका नाममा अन्तरिम आदेश जारी गरिएको प्रवक्ता श्रेष्ठले बताए ।

राप्रपाको पार्टी कार्यालय विद्युत् प्रसारणलाइन मुनिको जग्गामा निर्माण गरिएको भन्दै काठमाडौं महानगरपालिकाले भत्काउने निर्णय गरेको थियो ।

# विधिपूर्वक मनाइयो ऋषितर्पणी, रक्षाबन्धन र जनैपूर्णिमा पर्व

**काठमाडौं–** प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिनमा मनाइने ऋषितर्पणी, रक्षाबन्धन एवं जनैपूर्णिमा पर्व बिहीबार स्नान गरी नयाँ यज्ञोपवीत (जनै) धारणसहित डोरो बाँधेर मनाइएको छ । श्रावण महिनामा गरिने स्नान भएकाले यो पर्वलाई श्रावणी स्नान पनि भनिन्छ ।

सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु बृहस्पतिले रक्षा विधान तयार गरी 'जेले गर्दा अत्यन्त बलशाली दानवराज बलि बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ' भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा यो पर्व मनाउन सुरु गरिएको हो ।

यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक समितिका सदस्य प्रा.डा. देवमणि भट्टराईले बताए । मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको नाडीमा बाँधिदिएका छन् । स्नानपछि जौं, तिल र कुशद्वारा ऋषिहरूलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेरिएको छ । आजको दिन सप्तऋषिहरू काश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वमित्रलाई तर्पण दिने गरिन्छ । ऋषिलाई तर्पण गर्ने भएकाले यस दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो । बिहीबार नै मन्त्रिएको जनै फेर्ने गरिएकाले नै श्रावण शुक्ल पूर्णिमालाई जनैपूर्णिमा पनि भनिन्छ ।

वैदिक गुरु परम्पराअनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोका रूपमा मानिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहने तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रूपमा पुजिन्छ । अर्को डोराको तीनवटा शिखालाई भने कर्म, उपासना र ज्ञानको त्रियोगका रूपमा लिइन्छ । यस दिन ११ प्रकारका गेडागुडी मिसाई भिजाएर टुसा उमारी क्वाँटी बनाएर खाने गरिन्छ । यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक मान्यता छ । *रासस*

## चुच्चे नक्सालाई...

पृष्ठ १ बाट जारी

चीनले सोमबार प्रकाशित गरेको नक्सामा भने बुच्चे नक्सामात्र राखिएको छ । यद्यपि साहले सामाजिक सञ्जालमार्फत चीनको उक्त कदमको विरोध गरेका हुन् । उनले आफ्नो पाँच दिने चीन भ्रमणसमेत रद्द गरेको जनाएका छन् ।

**कूटनीतिक माध्यमबाट कुरा गर्छौं : सञ्चारमन्त्री शर्मा**

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले चीनले हालै सार्वजनिक गरेको नक्साका सम्बन्धमा सरकारले कूटनीतिक माध्यमद्वारा कुरा गर्ने प्रतिक्रिया दिएकी छन् । बुधबार मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चारकर्मीको जिज्ञासामा शर्माले चीन सरकारसँग संवाद गरेर सरकारको धारणा सार्वजनिक गर्ने बताएकी हुन् ।

'यसमा कूटनीतिक ढंगले नै कुराकानी र पहलकदमी गर्नुपर्ने हुन्छ, हाम्रो आधिकारिक नक्सा चुच्चे नक्सा हो, हामीले संसद्को सर्वसम्मतिबाट उक्त नक्सा जारी गरेका हौं, यो नक्सामा देशकै सर्वसम्मत छ,' मन्त्री शर्माले भनिन्, 'चीनले कुन सन्दर्भमा कसरी नक्सा जारी गर्‍यो भन्ने बारेमा कूटनीतिक पहलबाट कुराकानी गरिनेछ ।'

भारत पनि रुष्ट

चीनले जारी गरेको नयाँ नक्सामा आफ्नो भूभाग समेटिएकोप्रति भारत सरकारले विरोध जनाएको छ । आफ्नो 'प्रचलित नक्सा' भन्दै चीनले भारतको अरुणाचल प्रदेश र अक्साई चीनलाई पुनः चीनको हिस्साको रूपमा उल्लेख गरेपछि भारतले विरोध जनाएको हो ।

केही दिनअघि ब्रिक्स सम्मेलनका क्रममा प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच भेटवार्तासमेत भएको थियो । उक्त भेटमा दुई समकक्षीबीच सीमा विवादबारे कुराकानी भएको बताइएको छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता के अरिन्दम बागचीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'यस्तो दाबीको कुनै आधार छैन । चीनको यस्तो कदमले सीमा समस्याको समाधानलाई जटिल बनाउँछ ।'

भारतीय सञ्चारमाध्यमहरुका अनुसार यसअघि ११ अप्रिलमा अरुणाचलका ११ स्थानको नाम परिवर्तन गरिदिएको थियो । चीनले पछिल्लो पाँच वर्षयता तीनपटक यसरी अरुणाचलका विभिन्न क्षेत्रको नाम परिवर्तन गरेको बताइएको छ । सन् २०२१ मा चीनले अरुणाचलको १५ र २०१७ मा छ ठाउँको नाम परिवर्तन गरिदिएको थियो । भारतको अरुणाचलमा रहेको पाङचेनलाई चीनले बाङचेन, ग्याङ खार जोङलाई जिआङकाजोङ, लो जुगरीलाई लुओसु री, ताइपोरीलाई टिएपू री, ताडोङलाई डाडोङ नामाकरण गरेको थियो । चिनियाँ कदमको ताइवानले समेत विरोध जनाएको छ ।

यता चीनले भारतको विरोधको जवाफ फर्काएको छ । चीनका परराष्ट्र मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले भने, '२८ अगस्टमा प्राकृतिक स्रोत मन्त्रालयले सन् २०२३ को प्रचलित नक्सा जारी गरेको छ । यो चीनको कानुनअन्तर्गतको सार्वभौमसत्ताको प्रक्रिया अन्तर्गतको नियमित अभ्यास हो । यस विषयमा सम्बन्धित पक्षले वस्तुनिष्ठ भएर शान्तिपूर्ण ढंले काम गर्नेछ भन्ने हाम्रो अपेक्षा छ । सरोकारवाला पक्षले यो विषयलाई आवश्यकताभन्दा बढी व्याख्या गर्नबाट जोगियोस् ।'

## माधव...

पृष्ठ १ बाट जारी

नेपाल नेतृत्वको दलको प्रतिनिधिसभामा १० सिट छ । गठबन्धनका प्रमुख दल नेपाली कांग्रेस गठबन्धनबाट अलग हुनेबित्तिकै दाहाल नेतृत्वको सरकार ढल्ने स्थिति छ । नेपालको दलले सरकार जोगाउन सक्दैन । दाहाललाई ढाडस दिने चन्दको दल त संसद्बाहिरै छ । तर, चिन्ता नलिन प्रधानमन्त्रीलाई आग्रह गरे । सडकको मोर्चाबाट लड्ने उनले बताए ।

'तपाईं प्रधानमन्त्रीको कुर्सीबाट लड्नुस् चोकको मोर्चाबाट हामी लड्छौं,' चन्दले भने, 'कुनै पनि भ्रष्टाचारीलाई छुट दिन आवश्यक छैन । राता हुन्, काला हुन् कि सेता हुन् भ्रष्टाचारीलाई छोड्नु हुँदैन ।'

दाहाल गत वर्षको १० पुसमा तेस्रो कार्यकालका लागि प्रधानमन्त्रीमा नियुक्त भएका हुन् । उनी सुरुमा एमालेसहितको गठबन्धन र हाल कांग्रेससहितको गठबन्धनबाट प्रधानमन्त्री छन् । सुशासनको अभियान चलाउने क्रममा उनले आफूमाथि सरकार छाड्न दबाब बढेको आशयको भाव प्रकट गर्दै छन् । 'मलाई केही लिनु छैन, केही दिनु छैन । जे छ राष्ट्र र जनताको लागि, क्रान्ति र उपलब्धि रक्षाको लागि हो । यो सरकार कतिसम्म चल्छ मलाई टेन्सन छैन । सरकार टिकाउन यस्तो गर्‍यो र उस्तो गर्‍यो भन्छन् त्यो वाहियात हो,' दाहालले भनेका छन्, 'राम्रो काम गर्छु । जनताले हेरिरहेका छन्, राम्रो काम गर्दागर्दै कसले हटाउँदो रहेछ हेर्छु ।'

## एमसिसीमा...

पृष्ठ १ बाट जारी

प्रधानमन्त्री दाहालले 'व्याख्यात्मक घोषणा'अनुसार परियोजना कार्यान्वयन हुने बताइरहेका छन् । नभए सडक आन्दोलन हुने उनको चेतावनी छ । दाहालको यस्तो भनाइलाई मोर्चाका कतिपय नेताहरूले पत्याएका छैनन् । किनभने दाहाल ती हुन्, जसले १२ बुँदे व्याख्यात्मक घोषणामार्फत एमसिसीलाई स्वीकारी सकेका छन् ।

परिणामतः १५ फागुन २०७८ मा एमसिसी सम्झौता संघीय संसद्बाट अनुमोदन भयो । संसद्बाट पारित भएपछि कानुनी हैसियत प्राप्त एमसिसी कार्यान्वयनको हालै सम्झौता भइसकेको छ ।

यस्तो अवस्थाबीच दाहालले एमसिसीबारे फरक धारणा राख्ने मोर्चाका नेताहरूलाई फकाउनेगरी व्याख्यात्मक घोषणाको मान्यताअनुसार परियोजना कार्यान्वयन हुनुपर्ने बताइरहेका छन् । जस आधारमा सडकमा जान सकिने भन्दै छन् । 'एमसिसीबारे अझै पनि धेरै चासो छ । केही साथीहरूको विरोधमा पनि स्वर सुनिएको छ । हामी अझै एमसिसीविरुद्ध सडकमा जाने अवस्था छ । १२ बुँदे व्याख्यात्मक घोषणाका कारण सडकमा जान सक्छौं,' बुधबार बुटवलमा दाहालले भनेका छन् ।

तर, दाहाल नेतृत्वकै सरकारका अर्थमन्त्री डा. प्रकाशशरण महत र एमसिसी कम्प्याक्टका उपाध्यक्ष क्यामरुन अल्फोर्डबीच मंगलबार एमसिसी कार्यान्वयन सम्झौतामा हस्ताक्षर भइसकेको छ । परियोजना कार्यान्वयन पनि हुन थालेको छ । यहीबेला समाजवादी मोर्चाको एउटा घटक नेपाल कम्युनिस्ट पार्टी सडकमा छ । एमसिसीलाई राष्ट्रघाती परियोजना भनिएको छ । प्रधानमन्त्री दाहालबाहेकका नेताले सरकारको नेतृत्व गरे देश युक्रेन बन्ने टिप्पणी पार्टी महासचिव नेत्रविक्रम चन्दको छ ।

चन्दले भनेको युक्रेन पश्चिम युरोपको युद्धग्रस्त देश हो । अमेरिकासँगै पश्चिमी युरोपका देशहरूको समर्थनप्राप्त युक्रेनमा विश्व शक्ति राष्ट्रमध्येका एउटा देश रुसले डेढ वर्षदेखि आक्रमण गरिरहेको छ । सोही देशजस्तो नेपालको स्थिति हुन सक्ने चन्दको चिन्ता छ ।

'एमसिसीले जस्ता खालका प्रावधानहरू लाद्न खोजेको छ, हेरिराख्नुहोस् नेपाल युक्रेन बन्छ । यो षडयन्त्र हो,' चन्दले बुधबार सुर्खेतमा आयोजित मोर्चाको सन्देशसभामा भने । सहयोग र अनुदान नेपालले पाउने कुरा स्वाभाविक भए पनि अमेरिकी हस्तक्षेप स्वीकार नहुने चन्दले बताए । साथै, देशमाथि विभिन्न षडयन्त्र भइरहेको उनको भनाइ छ । 'आजसम्म कसैका सामु नझुकेको नेपालमाथि षड्यन्त्र गरिँदैछ,' उनले भने, 'कुनै न कुनै रूपले क्रान्तिकारी शक्तिहरूको अभाव हुनेबित्तिकै नेपालमा सामन्तवाद, दलाल पुँजीवादहरू क्रान्तिका विरुद्धमा लाग्ने तयारीमा छन् । त्यसविरुद्ध पनि हामी लाग्छौं ।'

नेता अनिल शर्माका अनुसार चन्द नेतृत्वको दलले एमसिसीबारे आज बिहान ८ बजे छलफल गर्न बैठक बोलाएको छ । बैठकमा समाजवादी मोर्चाबारे पनि छलफल हुने भएको छ ।

तर, प्रधानमन्त्रीको दल माओवादीकै महासचिव देवप्रसाद गुरुङ त अझै पनि एमसिसी कार्यान्वयन गर्नै नहुने अडानमा छन् । चीनपरस्त नेताको आरोप लाग्दै आएका उनले चन्दले जसरी एमसिसीलाई राष्ट्रघाती भन्दै आएका छन् ।

मोर्चाकै अर्को घटक नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पनि एमसिसीबारे अझै फरक धारणा राखिरहेका छन् । मोर्चाको सन्देशसभाहरूमा उनले एमसिसी अनावश्यक परियोजना भन्दै आएका छन् । तर, व्याख्यात्मक घोषणामा उनी पनि सहभागी थिए । उनको दलका सम्मानित नेतासमेत रहेका पूर्वप्रधानमन्त्री झलनाथ खनाल भने खुलस्तरुपमै भनेका छन् । 'विदेशी शक्ति केन्द्रको क्रिडास्थल नेपाललाई बनाउन खोजियो ।' संसद्बाट अनुमोदन हुनुअघि देखि नै खनाल एमसिसीको खरो आलोचक हुन् ।

मोर्चामै रहेको दल जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादवले भने एमसिसीको खुलेर विरोध गरेका छैनन् । उनी समर्थक देखिएका छन् । यसरी चार दलीय मोर्चामा प्रधानमन्त्री दाहाल व्याख्यात्मक घोषणाअनुसार परियोजना कार्यान्वयन हुनुपर्ने पक्षमा उभिएका बेला चन्द आलोचना गरिरहेका छन् । नेपाल मझधारमा छन् । यादव भने सकारात्मक छन् ।

उसो त एमसिसी अनुमोदन गर्दा नै संघीय संसदबाट नेपाल, अमेरिकाको कुनै पनि सैन्य गठबन्धनमा सामेल नहुने घोषणा गरिएको थियो । जतिबेला एमसिसी बहुमतबाट अनुमोदन भयो ।

## मुख्यमन्त्री...

पृष्ठ १ बाट जारी

अन्तरिम आदेशपछि उक्त रिटमाथि पूर्ण सुनुवाइ गर्दै न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र तिलप्रसाद श्रेष्ठको इजलासले साउन ११ मा कोशी सरकार असंवैधानिक तरिकाले गठन भएकाले विघटन गर्ने आदेश दिएको थियो ।

त्यसपछि कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाको ४७ सांसदको हस्ताक्षरमा पुनः थापाकै नेतृत्वमा सरकार गठन भयो । ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधानअनुसार थापाले भदौ ३ मा कोशी प्रदेशसभामा विश्वासको मत लिन समय थिए । सभामुख गौतमले पदबाट राजीनामा दिएकाले कोशी प्रदेश सभा उपसभामुख सिर्जना दनुवारको अध्यक्षतामा सञ्चालन हुनुपर्ने थियो । तर, एमालेबाट निर्वाचित दनुवारले भदौ ४ गतेका लागि बैठक धकेलिदिइन् । विश्वासको मत माग्ने कार्यतालिका भएकै दिन दनुवार प्रदेशसभा बैठकमा सहभागी हुन नसक्ने भन्दै काठमाडौं लागिन् । त्यसपछि सत्तारुढ दललाई अप्ठ्यारो आइलाग्यो ।

तुरुन्तै सत्तारुढ गठबन्धनले प्रदेशसभाका सदस्य कांग्रेसका इस्राइल मन्सुरीलाई सभाको अध्यक्षता गराए । मतदान सकिएर मत सच्याउन दिएको समयसमेत समाप्त भएपछि अध्यक्षको आसनमा अध्यक्षमण्डलकी अर्की सदस्य माओवादीकी गीता तिम्सिनालाई बसाएर मन्सुरीले विश्वासको मतको पक्षमा मतदान गरे । मन्सुरी र तिम्सिना दुवै जनाको मत जोडेर विश्वासको मतको पक्षमा ४७ र विपक्षमा ३० मत परेकाले मुख्यमन्त्री थापाले विश्वासको मत प्राप्त गरेको मन्सुरीले घोषणा गरे ।

उक्त निर्णयको प्रमुख प्रतिपक्षी दल एमालेले सदनमै विरोध गरेको थियो । त्यसविरुद्ध कार्की साउन ६ गते बुधबार सर्वोच्च आइपुगे । सर्वोच्चले ७ गते अन्तरिम आदेश जारी गर्दै भन्यो, 'सो मतसमेत गणना गरी विश्वासको पक्षमा कूल ४७ मत र विपक्षमा ३० मत प्राप्त भएको भनी घोषणा गरेको देखियो । नेपालको संविधानको धारा १८६ बमोजिम प्रदेशसभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्तावमा निर्णय गर्दा मत बराबर भएको अवस्थामाबाहेक अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने देखिँदैन । विवादित मत दिइएको सन्दर्भमा मत बराबर भएको भन्ने देखिएन ।'

उक्त मुद्दामा कोशीका प्रदेश प्रमुख पर्शुराम खापुङ, मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सभाध्यक्ष तथा प्रदेश सांसद इस्राइल मन्सुरी, मन्सुरीले मतदान गर्ने समयमा अध्यक्षता गरेकी प्रदेश सांसद गीता तिम्सिना र कोशी प्रदेशसभा सचिवालयलाई विपक्षी बनाइएको छ ।

शेखरको साथ एमालेलाई

कांग्रेस संस्थापनइतरका नेता हुन् डा. शेखर कोइराला । कोइरालाले पहिलोपटक थापा नेतृत्वको सरकार गठन हुँदा असंवैधानिक भएको प्रतिक्रिया दिएका थिए । लगत्तै एमाले नेता कार्कीले सर्वोच्चमा मुख्यमन्त्री थापाविरुद्ध रिट दायर गरेका थिए । दोस्रोपटक विश्वासको मत लिने प्रक्रियामा पनि शेखरले असन्तुष्टि जनाए । साउन ६ गते कार्की सर्वोच्च आउनुअघि शेखरसँग कार्कीले विराटनगरमा एक घण्टा कुराकानीसमेत गरेको स्रोतले जनायो । 'यसपटक एमाले केही शान्त थियो । तर डा शेखरले विराटनगरमा हिक्मत कार्कीसँग भेटे,' कोशी कांग्रेसका एक नेताले भने, 'त्यसपछि फेरि सर्वोच्चमा रिट दर्ता भइहाल्यो ।' कोशीमा शेखरले आफू निकट केदार कार्कीलाई संसदीय दलको नेतामा उभ्याएका थिए । तर केन्द्रमा सभापति शेरबहादुर देउवाको साथ पाएर दलको नेतामा कृष्ण सिटौला निकट थापा निर्वाचित भए । गुटको टसलका कारण शेखर एमालेको लाइनमा उभिएको कांग्रेस नेताहरु बताउँछन् । मुख्यमन्त्री थापा भने निर्णय आफू नेतृत्वको सरकारको पक्षमा आउने दाबी गर्छन् । सर्वोच्चले यस मुद्दाका पूर्ण सुनुवाइ थालेको एक दुई दिनमै अन्तिम फैसला गर्ने तयारी गरेको छ ।


**Road Division**
**Mahendranagar, Kanchanpur**

**NOTICE FOR PRICE BID OPENING**

***Date of Publication: 2023 September 01 (2080/05/15)***

Road Division, Mahendranagar hereby notifies the following listed contract and publish this notice to all concerned bidders regarding our Bid Notice No 01-RDMNR/080/81 in accordance with Rule 31 Sub rule Ja(5) of PPR 2064 that the evaluation of technical proposals for the Single stage double envelope contract is complete and the financial proposal of technically successful bidders listed below will be opened on 2023 Sep 08, 12:00 at Road Division Mahendranagar.

| Notice No | Contract No | Bidders Name |
|---|---|---|
| 01-RDMNR/080/81 | RDMNR/337310113/ 080/81-04 | UNS-UCHKOTI-POINT JV, Kailali |

Division Chief



**GULARIYA MUNICIPALITY**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
**GULARIYA, BARDIYA**

**Invitation For Bids**

Date of publication : 2080/05/15 (2023-09-01)

Gulariya Municipality, Office of Municipal Executive, Gulariya, Bardiya invites electronic bids from Nepalese eligible bidders for the construction of **Asphalt concrete & Premix carpet (Black Top Road) Construction work** under National Competitive Bidding procedures.

| S.N. | Contract no. | Contract name | Bid Security Amount | Bid Document Cost | Estimated Amount (Including VAT & ps) |
|---|---|---|---|---|---|
| 1. | MG/W/NCB/GNP-01/080 /081 | Bhaisahi To Kalinagara (Black Top Road) Construction work. Ward No 12 Bhaisahi | 75000.0 | 3000.0 | 2940627.52 |
| 2. | MG/W/NCB/ GNP-02/080 /081 | Ward No 7 Bypas Road (BiPi Chowk To Buspark) Road Complet work | 120000.0 | 3000.0 | 4717886.50 |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gulariya municipality, Bardiya, telephone: 084420412 and 9858022922 and facsimile number: 084420200 and email address: arjun_lamsal2011@yahoo.com or may visit PPMO website www.bolpatra.gov.np/egp. www.gulariyamun.gov.np

Chief administrative officer

# आँसु र हाँसोको संगम पर्व भक्तपुरको सापारू



**भादगाउँ (भक्तपुर)**– मृतकको आत्मशान्तिको कामना गर्दै हाँस्यव्यंग्य र ख्याल ठट्टासहित बिहीबार भक्तपुरका नेवार समुदायले धुमधामका साथ सापारु (गाईजात्रा) पर्व मनाइएको छ । धार्मिक र सांस्कृतिक महत्त्वको गाईजात्रा भक्तपुर नगरमा मुलुकका अन्य भागमा मनाउनेभन्दा विशेष र मौलिक शैलीमा मनाउने गरिन्छ । भक्तपुरमा गाईजात्रालाई आँसु र हाँसोको संगम पर्वका रुपमा लिइन्छ ।



शोकलाई हाँसोमा परिवर्तन गर्ने प्रतीकात्मक अर्थ र सन्देश बोकेको पर्वका रुपमा भक्तपुर नगरको गाईजात्रालाई लिइन्छ ।

मृतकका घरबाट गाई निकाल्दा आफन्त मृतकको सम्झनामा रुनुपर्ने परम्परा एकातिर छ भने अर्कोतर्फ विभिन्न खालका हाँस्यव्यंग्य र ख्यालठट्टासहितका झाँकी नगरपरिक्रमा गरी भक्तपुरमा गाईजात्रा मनाइएको छ । भक्तपुरको गाईजात्रा हेर्न उपत्यकालगायत बनेपा, धुलिखेल, पनौती र विदेशीसमेत हजारौंको संख्यामा हेर्न आउने गर्दछ । त्यसैले भक्तपुरको गाईजात्रा विदेशमासमेत प्रख्यात छ ।

भक्तपुरमा गाईजात्राको औपचारिक सुरु जनैपूर्णिमाको साँझ नै गरिन्छ । जनैपूर्णिमाको साँझ गुठी संस्थानले सुकुलढोकास्थित नाटचेश्वरीको पूजा गरी निकालेको घिन्ताङघिसी नाचले नगरपरिक्रमा गरेसँगै भक्तपुरमा गाईजात्रा सुरु हुन्छ ।

जनैपूर्णिमाको साँझ सुरु भए पनि सर्वसाधारणले मुख्यरुपमा भाद्रशुक्ल प्रतिपदाको दिन सापारु मनाइन्छ । भक्तपुरमा सर्वसाधारणले मृतकको सम्झनामा गाईजात्रा निकाल्नुअघि प्रतिपदाको दिन सबेरै दरबार स्क्वायरस्थित तलेजु भवानीको र अन्त्यमा साँझ तमारीस्थित भैरवनाथको गाईजात्रा निकाल्ने परम्परा छ ।

भक्तपुरको गाईजात्राको मुख्य आकर्षण घिन्ताङघिसी नाच हो । अर्को आकर्षण मृतकको सम्झनामा नगरपरिक्रमा गरिने ताहासा (तहामचा) हो । घिन्ताङघिसी नाचसँगै ताहासालाई परिक्रमा गराए मृतकलाई स्वर्ग जाने बाटोमा भएका अप्ठ्यारो हट्ने जनविश्वास छ ।

घिन्ताङघिसी धिमे, भुस्या, खीं, ताय् बाजाको संयुक्त ताल र लयमा गोलाकार काठको लठ्ठी एकआपसमा जुधाएर नाचिने नाच हो । यो नाच समूहमा नाचिने भएकाले जति बढी सहभागीको संख्या हुन्छ त्यति नै मनमोहक देखिन्छ । घिन्ताङघिसीमा बच्चादेखि वृद्धसमेत सहभागी हुन्छन् ।

ताहासा चार वटा बाँसबाट बनाइन्छ । हरियो करिब १५ फिट लामो चार वटा बाँसलाई ठाडो पारेर आयातकारमा बाँधेर त्यसलाई कपडाले बेरेर ताहासा बनाइन्छ । ताहासाको शिरमा गाईको चित्र राखी महिला र पुरुषको संकेत जनाउन कपडाले बेताली बाँधिन्छ । त्यसमा परालको सिङ र



सिङमाथि पलेस्वाँ लप्ते (कमलको फूलको पात), चोबो (कपाल जस्तो देखिने) मयुँरको पंखा र रंगीचंगी फूलले सजाइन्छ । टाउको दुई छेउमा सिङसँगै पतचा (रंगीनमाथि गोलाकार तर झण्डाजस्तो देखिने) सजाइन्छ । द्योःगाचा अष्टमातृकाको प्रतीक खास्तो, दुईवटा लामो पटुका राखी छाता ओढाइन्छ । ताहासाको बीचमा जामाचा लगाइन्छ । अगाडि पछाडि मृतकको र भगवानको तस्बिरसँगै ऐना राखिन्छ ।

भक्तपुरका कुमालेले भने मृतकको आत्माको शान्तिका लागि माटोको गाई बनाएर नगरपरिक्रमा गराउँछन् । कुमालेको पुर्ख्यौली पेसा माटाका भाँडा बनाउने भएकाले उनीहरुले आफ्नै मौलिक पुर्ख्यौली पेसाअन्तर्गतको माटोको आकर्षक गाई बनाएर परिक्रमा गराइने गरेको संस्कृतिकर्मी प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ बताउँछन् ।

गाईसँगै मृतकको स्मृति झल्काउने करुण रसप्रधान गीति लीला, रामायण र श्रीकृष्णा लीला पनि प्रदर्शन गरिन्छ । केटाकेटीलाई आकर्षक तवरले महादेव-पार्वती, राधाकृष्णका रुपमा श्रृंगारी बाजागाजाका साथ वासा लुइके गरेर परिक्रमा गराइन्छ ।

गाईजात्रा निकाल्नुअघि ताहासा, डोको, राधाकृष्ण, महादेव पार्वतीलगायत मृतकको प्रतीक संकेत जनाउने, गाईलाई सगुन



दिन मृतकको छोरी र किरियापुत्रीलाई पण्डितले पूजा संकल्प गराई श्राद्धकर्मको विधिविधान पुरागरी गौदान गराइन्छ । यो बेलामा मृतकका घरपरिवारका महिला रुने परम्परा छ ।

नेवार समुदायमा सगुन दिँदा रुनु भनेको मृतकप्रतिको सम्मानका रुपमा लिइन्छ । सगुन पूजा सकेपछि काँचो सानो केराउ, नासपाती, काँक्रोलगायत फलफूल र दही चिउरा टोल छरछिमेकमा बाहिर बसेकालाई बाँडिन्छ । बाँसको नोल लगाएर ताहासालाई मृतकका आफन्तले काँधमा बोकेर अगाडि पछाडि पटुका समातेर परिक्रमा गराइन्छ । परिक्रमा गराउँदा ताहासामा मृतकको तस्बिरले जात्रा हेर्न आएकालाई कसको ताहासा निकालेको स्पष्ट हुन्छ ।

परिक्रमा गर्दा किरियापुत्र, छोरीहरु र मृतकका परिवारका अन्य सदस्य हातमा धुप बालेर जाने परम्परा छ । यसरी गाईलाई परिक्रमा गराउँदा मृतकका परिवारले र स्थानीयले आफ्नो गच्छेअनुसार मालपुवा स्वारी, फलफूल, बिस्कुट, दक्षिण, हरियो केराउ, काँक्रो, नासपाती र जुस दान दिने परम्परा छ ।

भक्तपुरमा मृतक महिला, पुरुष र बालबालिका को हो, त्यसको स्पष्ट संकेत दिनेगरी गाईजात्रा निकालिन्छ । मृतक बच्चा हो भने डोको, महिला हो भने रातो निलो कपडामा सारी र हाकुपटासीसहितको ताहासालाई परिक्रमा गराइन्छ । पुरुष हो भने सेतो कपडाले बेरेको हुन्छ । गर्भवतीको हो भने गाईसँगै अलि तल सानो गाई बनाएर लाने परम्परा छ । त्यसैगरी



एकापरिवारको दुई सदस्यको मृत्यु भयो भने एउटै ताहासामा तल अर्को सिङ राखेर मृतकको तस्बिरसहित काखमा राखेर लाने परम्परा छ ।

गाईजात्राको दिन विधिवत्रुपमा गाईलाई परिक्रमा गराएमा मृतात्माहरु सजिलैसित स्वर्गलोकमा पुग्छन् भन्ने धार्मिक विश्वास छ । गाईजात्राको दिन स्वर्गमा ढोका खुल्ने र मृतकका आत्माले गाईको पुच्छर समातेर वैतर्णी नदी पार गरी स्वर्गलोकमा पुग्छ भन्ने धार्मिक विश्वासले गाईजात्रा निकाल्छ ।

भक्तपुरमा स्थानीय लाकोलाछे टोलबाट भैरवनाथको र खँलाबाट नकिञ्जु अजिमाको ताहासा निकालेपछि गाईजात्रा सम्पन्न गरिन्छ । भैरवको ताहासा निकाल्दा स्थानीय टोलमा वर्षदिन दिवंगत भएका सबैको ताहासा भैरवको ताहासासँगै लाने चलन छ । भैरवनाथको ताहासालाई परिक्रमा गराउँदा तमारी, दरबार स्क्वायर र तचपालमा तीन-तीन पटक परिक्रमा गराइन्छ । अन्तमा भैरवनाथको ताहासा चुपिङघाटस्थित पुलमा लगेर ताहासा बिगारी पराल हनुमन्ते नदीमा सेलाउने परम्परा छ ।

भक्तपुरमा गाईजात्रा कृष्णाष्टमीसम्म नौ दिन आठ रात मनाइन्छ । प्रतिपदाको दिनभरि अन्य दिन साँझ विभिन्न झाँकीसहितको घिन्ताङघिसी नाच निकालेर सर्वसाधारणलाई मनोरञ्जन दिने गरिन्छ । गाईजात्राकै अवसरमा भक्तपुरमा भाद्रकृष्ण अष्टमीसम्म नगरका देवीदेवता दत्तात्रय, भैरव, भिमसेन, बाराही, कृष्णको खटजात्रा गरिन्छ । भक्तपुरमा डबली डबलीहरु माक प्याखं, नागाचा प्याखं, लाखे प्याखं, देवी प्याखं, भैल प्याखं, भालुचा प्याखं, रामायण, लुसीचा प्याखं, खिचा प्याखंलगायतका नाच प्रदर्शन गर्ने प्रचलन छ ।

शोक र उल्लासको संगमका रुपमा मनाइने गाईजात्रा पर्वलाई काठमाडौंका राजा प्रतापमल्ल, भक्तपुरका राजा जगतप्रकाश मल्ल र ललितपुरका राजा सिद्धिनरसिंह मल्लको पालादेखि बाजागाजाको संस्कार थालिएको प्रा.डा. श्रेष्ठ बताउँछन् । श्रेष्ठका अनुसार लिच्छवीकालमा रमाइलोका लागि गोरु जुधाउने परम्परा थियो । अनन्तलिंगेश्वरको अभिलेखमा गो युद्ध उल्लेख छ । गोरु जुधाएर रमाइलो गर्ने र मृत्यु संस्कारमा गाईजात्रा गर्ने चलन पूर्वमध्यकालमा सुरु भएको श्रेष्ठको भनाइ छ ।

गाईजात्रा विशेषगरी नेवार समुदायले मनाउने पर्व हो । राजा प्रताप मल्लले गाईजात्रा पर्व चलाएको किंवदन्ती भए पनि नेवार समुदायबाहेकले गाईजात्रा गर्ने प्रचलन रहेको पाइँदैन । मल्लकालमा नेपाल मण्डल विशेषगरी काठमाडौं उपत्यकामा नेवार समुदायको मात्र बसोबास भएको स्थान भएकाले गाईजात्रा नेवार समुदायले मात्र मनाउने पर्वका रुपमा विकास भएको प्रा.डा. श्रेष्ठ बताउँछन् । नेवार समुदायमा भक्तपुरको गाईजात्रा भिन्न र विशेष खालको हुनुमा तत्कालीन नेपाल मण्डलको राजधानी भक्तपुर प्रमुख कारण भएको प्रा.डा. श्रेष्ठ बताउँछन् ।

किंवदन्तीअनुसार राजा प्रताप मल्लको छोराको मृत्युपश्चात् रानी धेरै शोकमा डुबेपछि उनलाई नगरका जनताका घरमा कसै न कसैको मृत्यु भएको छ भन्ने देखाउन गाई निकाल्ने प्रचलन सुरु भएको मानिन्छ । यतिले रानीको मन शान्त नभएपछि रानीको मनलाई शान्त पार्न हाँस्यव्यंग्य, ख्यालठट्टा प्रदर्शन गर्न राजाले आदेश दिएबमोजिम गाईजात्राका अवसरमा हाँस्यव्यंग्य प्रदर्शन गरिन्छ ।

प्रा.डा. श्रेष्ठ भने राजा जयस्थिति मल्लभन्दा पहिल्यै भक्तपुरमा गाईजात्रा मनाउँदै आएको दाबी गर्छन् । राजा जयस्थिति मल्लले सम्पादन गरेको गोपाल वंशालीमा साँःयात भन्ने उल्लेख भएको प्रमाण प्रस्तुत गर्दै लिच्छवीकालको अभिलेखमा गौयुद्ध उत्सव भनी लेखिएको पाइएकाले लिच्छवीकालमा पनि गाईजात्रा मनाइन्छ भन्ने मान्न सकिने उनको भनाइ छ । उनले विक्रमको १४औं शताब्दीभन्दा अगाडि लिच्छवीकालको अन्त्यतिर गाईजात्रा पर्व सुरु भएको मान्न सकिने आधार भएको बताए ।

त्यसैगरी भक्तपुरमा तान्त्रिक विधिले गर्ने भएकाले यहाँको गाईजात्रा अन्य स्थानकोभन्दा भिन्न र मौलिक शैलीको भएकोसंस्कृतिकर्मी हरिशरण राजोपाध्यायले बताए । 'भक्तपुर तन्त्र विद्यायुक्त सहर हो । यहाँका हरेक सांस्कृतिक परम्परा तान्त्रिक विधिपूर्वक मनाइन्छ,' उनले भने, 'भक्तपुरमा प्रत्येक पाइला पाइलामा तान्त्रिक शक्ति छ, त्यही शक्तिको आधारमा यहाँ गाईजात्रा मनाइन्छ ।'

भक्तपुर नगर तन्त्रका आधारमा स्थापित भएको र त्यही आधारलाई मानेर मृतकको नाममा ताहासा, दोसाँ, महादेव पार्वती, वासा लाकेगुलगायत गरी नगर परिक्रमा गराइने परम्परा रहेको राजोपाध्यायले बताए । गरुडपुराणमा मानिसको मृत्यु भएपछि ११ दिनमा वृषसर्ग गर्नुपर्ने परम्परा छ । त्यसदिन मृतक परिवारले जिउँदो गाई र त्यसका लागि आवश्यक जग्गा दान दिए मात्र मृतकको आत्मा शान्ति हुन्छ भनेको छ ।

जग्गा र गाईदान गर्ने विकल्प खोज्दै जादा वृषसर्ग कर्म नगरे पनि स्वर्गको ढोका खोल्ने भाद्र शुक्ल प्रतिपदाको दिन गाईजात्रा निकाल्दा मृतकले गाईको पुच्छर समातेर वैतर्णी नदी तर्छन् भने धार्मिक विश्वास भएर नेवार समुदायले यो पर्व मनाउन थालेको अर्का संस्कृतिविद् ओम धौभडेलले बताए । शोक र मृत्युसँग सम्बन्धित यस जात्रामा मध्यकालदेखि नै हाँस्यव्यंग्य र ख्यालठट्टा सुरु भएको उनले बताए ।

'प्रारम्भमा गाई यात्राका रुपमा रहेको यो पर्व मध्यकालमा गाईजात्रा भएको हो । पहिला गाईलाई नगर परिक्रमा गराए मृत्यु संस्कार पूरा हुन्थ्यो, पछि गाईसँगै विभिन्न बाजागाजा पनि राखियो त्यसपछि यात्राबाट जात्रामा परिणत भएको हो,' धौभडेलले भने । *रासस*


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक १३० भदौ १४ गते २०८० मा प्रकाशित **Pigeon International Overseas Pvt. Ltd.** को Lot No. 291855 को **Grill Garden Restaurant To Serve Meals** कम्पनीको विज्ञापनमा पुरुष कामदारमा **Food Server** हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको जानकारी गराईन्छ ।

Pigeon International Overseas Pvt. Ltd
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np



**सटर खाली गरिदिने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

ललितपुर महानगरपालिका वडा नं. १४ अन्तर्गत **संगीता महर्जन**को नाममा रहेको ललितपुर महानगरपालिका १४ मा रहेको कित्ता नं. ४६८ को जग्गा क्षेत्रफल ०-३-३-३ मा रहेको घरको सटर भाडामा बस्ने **सन्जिब राई**लाई पटक पटक सटर खालि गर्न सुचना दिंदा समेत सटर खाली नगरेको हुँदा आजको मितिले ३५ दिन भित्र सम्पर्क गर्नुहुन सूचना प्रकाशित गरिएको छ ।

**ललितपुर महानगरपालिका**
**वडा नं. १४ कार्यालय ललितपुर**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# एमसिसीमा दाहालको दोहोरो चरित्र

अमेरिकी मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (एमसिसी) बुधबारबाट कार्यान्वयनमा गइसकेको छ । ५० करोड अमेरिकी डलर अमेरिकाको अनुदानमा नेपालले १९.७ करोड डलर थप्नुपर्नेछ । पाँच वर्षमा पूरा नभए अमेरिकाले उक्त अनुदान फिर्ता लाने प्रस्ट पारिसकेको अवस्थामा नेपालले द्रूत गतिमा काम गर्नुपर्नेछ । तर सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले भने एमसिसीमा दोहोरो चरित्र प्रदर्शन गरिरहेका छन् ।

कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकार रहेको बेला माओवादी पनि सरकारमै थियो । दाहाल र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालकै जोडबलमा देउवा प्रधानमन्त्री बनेका थिए । उनै देउवाको पालामा सदनमा टेबल हुँदा एमसिसीको पक्षमा दाहालले आफ्नो दलका सांसदहरूको मत खन्याए । सुरूमा आफू विपक्षमा उभिने भनिए पनि १२ बुँदे व्याख्यात्मक घोषणाको दाम्लोमा बाँधिएर दाहालले खुसुखुसु मत हाले ।

अहिले आफूले विरोध गर्न नमिल्ने देखिएपछि समाजवादी मोर्चामार्फत एमसिसी विरोधी मार्चपास खेलाइरहेका छन् दाहाल । एमसिसीमा चीन रूष्ट छ भन्ने कुरा प्रस्ट छ, किनकि एमसिसीको विरोधमा चर्का कुरा गर्ने देव गुरूङलाई दाहालले माओवादीको महासचिव बनाइदिए । एमसिसी सदनमा प्रस्तुत गर्ने भूमिका खेलेका जनार्दन शर्माले जति रहर गर्दा पनि उक्त पद पाएनन् । नुनको सोझो गर्न हो कि शर्मा त्यतिबेला बिरामीको बाहनामा संसद्मा नआएपछि कांग्रेसबाट मन्त्री बनेका सञ्चारमन्त्री ज्ञानेन्द्र कार्कीले टेबल गरेका थिए । अहिले शर्मा चुपचाप छन् । उसो त एमसिसीको चर्को विरोधी गुरूङ पनि अचेल सार्वजनिक रूपमा देखिएका छैनन् । एमसिसी कार्यान्वयनमा जाने भएपछि व्याख्यात्मक विश्लेषण निकालेर दाहालले निहुँ खोज्न थालेका छन् । बुटवलदेखि सुर्खेत पुग्दा दाहालले आफ्नो सरकारलाई कसैले ढाल्न नसक्ने भन्दै स्वरसमेत चर्काएका छन् ।

विद्युत् प्रसारणको इतिहासमा एमसिसी ऐतिहासिक परियोजना हो । माओवादी नेतृत्वकै सरकारले नियुक्त गरेका विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ यो परियोजना पूरा भएमा विद्युत् क्षेत्रमा छलाङ मारिने भन्दै काममा खटिरहेका छन् । यदि यो प्रसारणलाइन नबने कुलमान असफल भएर प्रधिकरणबाट बिदा हुने र लोडसेडिङ फेरि ब्युर्तिने बताइँदै आएको छ । एकातिर विद्युत्को माग चर्किरहेको छ भने नेपालमा विद्युत्को स्टोरेज छैन । अहिलेसम्म धानिरहेको विद्युत् प्रसारणलाइन कमजोर भएकोले बेलाबेला बत्ती जान थालेको जागजाहेरै छ । यस्तो अवस्थामा समाजवादी मोर्चाको तरबार देखाएर प्रधानमन्त्री दाहाल मुखुण्डो लगाएर लाखेझैं कति समयसम्म नाचिरहने ?

## मनन्योग्य

### चाणक्य नीति

यता चन्द्रगुप्त खिन्न थिए । उता राजा पर्वतक महलमा नाचगान खानपानको क्रममा अनि सुरा र सुन्दरी पनि साथै थिए । जब हृदयको ढुकढुकी बढ्छ थामेर थाम्न सकिन्न, सुराको मस्ती यति धेरै हुँदैन जति ती विश्वमोहिनीको भोगको इच्छा अति प्रबल इच्छा हुदै गइरहेथ्यो ।

राजा पर्वतकले आवेगमा ती सुन्दरीलाई बाहुपासमा लिए । उनलाई एक कपकपी भयो सुन्दरीलाई चिन्दै नचिनी आवेगमा भरपूर एक चुम्बन लिए मानी राजालाई हजारौं विषधरले धएकैपटक हसेजस्तो भयो। राजा संजाशून्य भए (अर्थात् राजाको प्राण गयो ।)

बिहानको सूर्य एउटा नयाँ हलचल लिएर उदाए राजा पर्वतकको मृत्युको समाचार महलसहित चारैतिर फैलियो। चाणक्य र चन्द्रगुप्त पनि पर्वतकका महलतिर लागे । पर्वतकको शरीर नीलो काँचजस्तो भएको देखे । मुखबाट फिज निस्की विच्छ्यौनामा जमेको थियो । ती सुन्दरी डरले काम्दै एउटा कुनामा खडा थिइन् ।

चाणक्यले चन्द्रगुप्तपट्टि हेर्दै भने- 'देख्नुभो राजन् । यो विषकन्या थिई । यो राक्षसको डरलाग्दो षड्यन्त्र थियो । तर, उसलाई यो थाहा थिएन चाणक्यलाई झुक्याउन यति सरल छैन। मैले आँखाको नानी हेरी थाहा पाएँ । यी विषकन्या हुन् । यो सबै भेद त्यही सोमदेवबाट थाहा भयो । ऊ वास्तवमा राक्षसको विश्वासी गुप्तचर थियो। हिजै सोमदत्त बन्दी भइसक्यो । यी सुन्दरीलाई पनि देशनिकाला गर्नोस् किन कि यी सुन्दरी अरू कसैको मृत्युको कारण नबनून् ।

"सुन्नोस् । पर्वतक राजाको मृत्यु अफसोच भयो होला वास्तवमा तिनी हाम्रा मित्र थिएनन् राक्षसको गुप्तयोजना मलाई थाहा भयो यसैले अहिले राक्षसका तीरबाट राक्षसको पराजय भयो ।" यति भन्दै चाणक्य आफ्ना निवासतर्फ लागे । चन्द्रगुप्त सोच्न थाले बी रहस्यमय मानिसका विषयमा जसलाई चन्द्रगुप्तले त्रिकालज्ञ हुन् भन्ने सोचे ।

*क्रमशः*

# शिक्षा विधेयकमा असहमति



रामहरि गिरी

सरकारले हाल कार्यान्वयनमा रहेको मौजुदा 'राष्ट्रिय शिक्षा ऐन, २०२८' लाई विस्थापित गर्दै क्षेत्रगत विशिष्टीकृत ऐनका रूपमा छुट्टै विधेयक 'विद्यालय शिक्षा ऐन, २०७९' प्रतिनिधिसभा छलफलका लागि पेस गर्ने तयारी गरिरहेको छ । मन्त्रिपरिषद्को बैठकबाट संघीय शिक्षा ऐन पारित गरेर सदनमा पेस गर्न लागेको हो । मौजुदा रहेको शिक्षा ऐन, २०२८ लाई समयसापेक्ष बनाउन भन्दै २०७३ सालमा आठौं संशोधन भएको थियो । नेपालको संविधान, २०७२ घोषणा भएपश्चात् दुई वर्षभित्र ऐनहरू बनिसक्नुपर्ने व्यवस्था भए पनि त्यसो हुन सकेको थिएन । नेपालको शिक्षा नीति अहिलेसम्म शिक्षा ऐन, २०२८ द्वारा नै निर्दिष्ट हुँदै आएको छ । यसै सन्दर्भमा झण्डै ५२ वर्षपछि सरकारले विद्यालय शिक्षा ऐन, २०८० को मस्यौदा मन्त्रिपरिषद्बाट स्वीकृत गरी संसद्मा दर्ता गर्दै गर्दा विभिन्न पक्षहरुबाट बहस तथा छलफलहरू चलिरहेका छन् ।

प्रस्तावित मस्यौदाको दफा ६५ को उपदफा ५ (३) र उपदफा ६ मा समावेश गरिएको विषयमा निजी क्षेत्रले खुलेर विरोध र असहमति जनाइरहेको छ । प्रस्तावित विधेयक लागू गरिए निजी क्षेत्रको अस्तित्व अनि लगानी नै दाउमा पर्नसक्ने भन्दै निजी विद्यालयका संगठनहरू प्याब्सन, एन प्याब्सन तथा हिसानले संयुक्त विज्ञप्ति नै जारी गर्दै गत साउन २८ गतेदेखि देशैभरि आन्दोलन गरेर शिक्षा ऐनप्रति असहमति जनाएका थिए । शैक्षिक गुठीमा रुपान्तरित हुनका लागि प्रोत्साहन गर्नुपर्नेमा सो सम्बन्धमा आवश्यक ऐन, प्रावधानहरु नै तयार नगरी एकाएक पाँच वर्षभित्रमा दायित्व फरफारक गरी शैक्षिक गुठीमा रुपान्तरित हुनुपर्ने बाध्यात्मक प्रावधान संविधानको मर्म र भावनाविपरीत अलोकतान्त्रिक, अव्यावहारिक र अन्यायपूर्ण रहेको, समग्र छात्रवृत्ति व्यवस्थापनका सम्बन्धमा विद्यमान विभेदकारी नीतिलाई सम्बोधन गर्न आवश्यक प्रावधानको व्यवस्था नगरिएकोलगायतका असहमतिका बुँदाहरु निजी क्षेत्रले जोडदार रुपमा उठान गरिरहेको छ ।

विशेषगरी राहत शिक्षक, विद्यालय कर्मचारी, शैक्षिक परामर्श व्यवसायीहरूले शिक्षा विधेयकको खुलेर विरोध गरिरहेका छन् । नेपाल राहत शिक्षक केन्द्रीय समिति, नेपाल विद्यालय कर्मचारी परिषद्, नेपाल बाल विकास शिक्षक केन्द्रीय समिति, शिक्षक सिकाइ अनुदान केन्द्रीय समिति र अस्थायी करार शिक्षक संघर्ष समितिले पनि विधेयकको विरोध गरिरहेका छन् । सामुदायिक विद्यालयमा कार्यरत ४० हजार राहत शिक्षक, ३५ हजार विद्यालय कर्मचारी, ३६ हजार बाल विकास शिक्षक, नौ हजार शिक्षण सिकाइ अनुदान शिक्षक र २६ हजार छुट अस्थायी करार शिक्षक विधेयकको विपक्षमा उभिएका छन् ।

संघीय शिक्षा ऐनलाई लिएर शैक्षिक परामर्श संघ (इक्यान)ले पनि असन्तुष्टि जनाएको छ । शैक्षिक परामर्श क्षेत्रका विभिन्न ११ वटा संस्थाले ऐनको मस्यौदाका विभिन्न विषय संशोधन गरेर मात्र अघि बढ्न सरकारलाई सचेत गराएका छन् । देशभरका निजी क्षेत्रका विद्यालय र कार्यरत शिक्षकहरुले विधेयकको विरोध गरिरहेका छन् । विधेयक तयार गर्दा यति ठूलो क्षेत्रलाई उपेक्षा गर्दै सरकारले एकतर्फी रुपमा विधेयक तयार पारेर संसद्मा पेस गर्ने तयारी गर्दा मात्र निजी क्षेत्रलाई थाहा हुनु सरकारले निजी क्षेत्रप्रति गरेको उपेक्षा नै हो । नेपालको शैक्षिक विकासमा चार दशक लामो योगदान गरेको निजी क्षेत्रले थुप्रै आरोहअवरोह बेहोरेको छ । शिक्षा ऐन, २०२८ कार्यान्वयन भएपश्चात् २०३६ सालपछि निजी लगानीमा विद्यालयहरू स्थापना हुन थालेका हुन् । विद्यालयमात्र नभई सूचना तथा सञ्चारको क्षेत्र, उद्योग, कलकारखाना, यातायात, पर्यटन, स्वास्थ्यलगायत थुप्रै क्षेत्रमा निजी क्षेत्रको लगानीमा उल्लेख्य प्रगति भए । तर, राज्यले विकासक्रममा रहेका तमाम क्षेत्रलाई व्यवस्थित र नियमन गर्नुको सट्टा नियन्त्रण गर्न झण्झटिलो र अव्यावहारिक कानुन निर्माणतर्फ मात्र अग्रसर भएका कारण, तीव्र विकासतर्फ जानु पर्नेमा निजी क्षेत्र क्रमशः अन्योल र अस्थिर बन्दै गएको छ ।

२०५८ सालमा सरकारले निजी लगानीमा सञ्चालित शैक्षिक प्रतिष्ठानहरूलाई कम्पनी र गुठी सहकारीमध्ये कुनै एक रोज्ने प्रावधान ल्याएको थियो । सोहीबमोजिम विद्यालयहरू कम्पनीमा रूपान्तरित भई शैक्षिक संस्थाहरूले शैक्षिक एवं भौतिक विकासमा झण्डै पाँच खर्ब रुपैयाँ लगानी गरिसकेका छन् भने करिब चार लाख रोजगारीसमेत सिर्जना गरेको छ । झण्डै ३० लाख विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ । सरकारले शिक्षामा छुट्याएको बजेटको ३५ प्रतिशत हाराहारीमा योगदान निजी क्षेत्रको रहेको छ । शिक्षा क्षेत्रले राजस्वमार्फत राज्यलाई ठूलो योगदान गरिरहेको छ । तर शिक्षा ऐन २०२८ लाई प्रतिस्थापन गर्ने कानुन विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० हाल मन्त्रिपरिषद्बाट पारित भएको छ । उक्त विधेयकले कम्पनीमार्फत सञ्चालित विद्यालयहरूलाई पाँच वर्षभित्र गुठीमा रूपान्तरण र दायित्व फरफारकको विषयलाई समावेश गरी निजी लगानीको शिक्षा क्षेत्रलाई निरुत्साहित गर्नेमात्र होइन मास्ने अभिप्रायका साथ विधेयक तयार गर्नु एउटा गम्भीर विषय बनेको हो । शिक्षा मन्त्रालयले संघीय शिक्षा ऐनको मस्यौदा तयार गर्दा सामूहिक छलफलमा सहभागी नगराएको । सरकारले उच्च शिक्षाका लागि विदेश जाने विद्यार्थीलाई सुरक्षित महसुस गराउनका लागि उनीहरूको टचुसन शुल्कमा बिमाको ग्यारेण्टी गर्नुपर्छ । राज्यले शिक्षामा तीन प्रतिशत भ्याट लिने गरेको छ । सोही भ्याटबाट केही प्रतिशत विद्यार्थी कल्याण कोष बनाएर अगाडि बढाउन सकिन्छ । विद्यार्थी र अभिभावकको आर्थिक क्षेत्रलाई सुरक्षित बनाउनका लागि सरकारले बिमा, कल्याणकारी कोषमार्फत नियमन तथा व्यवस्थापन गर्ने ऐन ल्याउनुपर्छ ।

प्रस्तावित मस्यौदामा सामुदायिक विद्यालयका कर्मचारीहरूको सेवा सुविधा सुनिश्चित गरिएको देखिँदैन । सबै सामुदायिक विद्यालयलाई स्थानीय तहले व्यवस्थापन गर्ने भनिएको भए पनि संघीय सरकारले उपलब्ध गराएसरह सेवा सुविधा स्थानीय तहले व्यवस्था गर्छ भन्ने स्पष्टरूपमा उल्लेख गरिएको छैन । सामुदायिक विद्यालयका कर्मचारीको सेवासुविधाबारे स्पष्ट नीति तथा सामुदायिक विद्यालयका कर्मचारी विगत ३८ सालदेखि निरन्तर कार्यरत भए पनि तिनको सेवासुविधा सुनिश्चित हुन सकेन । अन्य शिक्षकलाई उपदान, पेन्सनलगायत सेवा सुविधा छन् । सामुदायिक विद्यालयका कर्मचारीको सेवा सुविधा सुनिश्चित देखिएको छैन । मस्यौदामा सामुदायिक विद्यालयको व्यवस्थापन स्थानीय तहले गर्ने भनिएको भए पनि सेवा सुविधाबारे स्पष्ट नहुँदा मस्यौदामा कर्मचारीलाई सबै स्थानीय तहले व्यवस्थापन गर्ने भनिएको छ । त्यसमा अन्य कर्मचारी पाउनुपर्ने सेवा सुविधासरह सामुदायिक विद्यालयका कर्मचारीले पाउने र त्यसको व्यवस्था स्थानीय तहले उपलब्ध गराउनुपर्ने स्पष्ट रूपमा लेखिनुपर्छ ।

यसका साथै संघीय शिक्षा ऐन जारी हुँदाबखतसम्म सबै सामुदायिक विद्यालयका कर्मचारीलाई दरबन्दीमा परिणत गरी स्थायी गर्नुपर्ने आवश्यकता देखिन्छ । केही दिनमै संसद्मा पारित गराई लागू गर्ने दिशातर्फ सरकार उद्यत रहेकोप्रति आम निजी विद्यालय एवं यस क्षेत्रका सरोकारवालाहरु यसको विपक्षमा उभिएर संशोधनको आवाज उठाइरहँदा सरकारले यसतर्फ ध्यान दिइरहेको देखिँदैन । मन्त्रिपरिषद्बाट पास भएको प्रस्तावित विधेयक सरकारले संसद्मा पेस गर्ने तयारी गरेको छ । सो विधेयक निजी लगानी तथा व्यवस्थापनमा सञ्चालन भएका शैक्षिक प्रतिष्ठानहरूको अस्तित्व नामेट हुनसक्ने अवस्था आउनसक्छ भन्नेतर्फ निजी क्षेत्रको ध्यानाकर्षण हो ।

निजी क्षेत्र र सरोकारवालाहरूले वर्षौंदेखि शिक्षा ऐन संशोधन र निजी लगानीमा सञ्चालन गरिएका शैक्षिक संस्थाहरूलाई व्यवस्थित, मर्यादित र लगानीको सुरक्षाका बारेमा आवाज उठाउँदै आएता पनि प्रस्तुत सुझावहरूलाई सरकारले पूर्णरुपमा बेवास्ता गर्दै विधेयक प्रस्ताव गर्दै छ । तर, यति ठूलो लगानी र सहभागिता रहेको क्षेत्रका प्रतिनिधिहरुलाई विधेयक निर्माणमा कुनै परामर्श र सुझाव वा सहभागिता गराउन सरकारले चाहेन । सरकारले लिने अव्यावहारिक नीति-नियमका कारण एकातर्फ देशभित्र उच्च तथा प्राविधिक शिक्षालयहरू ध्वस्त भएका छन् भने लाखौं विद्यार्थीहरू उच्च शिक्षाका लागि बाहिरिने क्रम जारी रहेको छ । विद्यालय शिक्षामा निजी लगानीका विद्यालयले पुऱ्याएको योगदानलाई नजरअन्दाज गरेमा विद्यालयस्तरका विद्यार्थीहरू पनि विदेशिन बाध्य हुने निश्चित देखिन्छ ।

सरकारको यस्तो स्वेच्छाचारी सोचका कारण मुलुकको विद्यालय शिक्षामा पर्ने दूरगामी असरप्रति जिम्मेवार भई सबै सरोकारवाला निकायहरूसँग छलफल गरी अगाडि बढ्न आवश्यक हुन्छ । सरोकारवाला पक्षको अनुभव र भावनालाई समावेश गरी कानुन निर्माण गर्नु सरकारको दायित्व हो । आफ्नो जिम्मेवारी बिर्सिएर एकलौटी रुपमा मस्यौदा निर्माण गर्नु तथा सोको विषयमा सरोकारवालासँग कुनै छलफल नै नगरी-नगराई संसद्मा प्रस्तुत गर्ने सरकारको व्यवहार लोकतान्त्रिक देखिएन । शिक्षालाई मर्यादित, व्यवस्थित प्रविधिमैत्री बनाउन क्रियाशील निजी विद्यालयहरूको मर्म र योगदानलाई प्रतिकूल असर गर्ने यस्ता विधेयकहरू समयमा नै संशोधन गरी निजी लगानीको संरक्षण सम्बर्द्धनको सुनिश्चितता हुने लिखित प्रतिबद्धता सरकारकोतर्फबाट आउनुपर्दछ ।

सरकारले देशमा क्रियाशील सबैपक्षलाई समावेशी र सहभागितामूलक कार्यक्रममार्फत नीति निर्माण गर्ने र ऐन कानुन निर्माणतर्फ अग्रसर हुनुपर्दछ । निधेष र उपेक्षाले कुनै पनि क्षेत्र फलित र विकसित हुन सक्दैन । यसको असर प्रत्यक्षरुपमा देशलाई नै पर्ने हो । अझ शैक्षिक क्षेत्र त झन् ज्यादै महत्त्वपूर्ण र संवेदनशील क्षेत्र हो । त्यसैले पनि शिक्षा ऐन नै प्रतिस्थापन गर्नेजस्तो विषयमा सबैपक्षको सहभागिता र विवेचनालाई समावेश गरेरमात्र अघि बढ्नु उपयुक्त हुन्छ ।

यसका साथै संघीय शिक्षा ऐन जारी हुँदाबखतसम्म सबै सामुदायिक विद्यालयका कर्मचारीलाई दरबन्दीमा परिणत गरी स्थायी गर्नुपर्ने आवश्यकता देखिन्छ । केही दिनमै संसद्मा पारित गराई लागू गर्ने दिशातर्फ सरकार उद्धत रहेकोप्रति आम निजी विद्यालय एवं यस क्षेत्रका सरोकारवालाहरू यसको विपक्षमा उभिएर संशोधनको आवाज उठाइरहँदा सरकारले यसतर्फ ध्यान दिइरहेको देखिँदैन । मन्त्रिपरिषद्बाट पास भएको प्रस्तावित विधेयक सरकारले संसद्मा पेस गर्ने तयारी गरेको छ । सो विधेयक निजी लगानी तथा व्यवस्थापनमा सञ्चालन भएका शैक्षिक प्रतिष्ठानहरूको अस्तित्व नामेट हुनसक्ने अवस्था आउनसक्छ भन्नेतर्फ निजी क्षेत्रको ध्यानाकर्षण हो ।

## पत्र–मञ्जुषा

# पैदलयात्रीलाई जताततै सास्ती

आमसर्वसाधारणमा बिहान घरबाट कामका लागि निस्किएपछि बेलुका ठीकठाक रुपमा घर पुगिन्छ कि पुगिँदैन भन्ने त्रास छ । काठमाडौं उपत्यकाभित्रै रहेका सडकमा आकाशे पुल छैन । भएको जेब्राक्रस पनि मेटिएको छ । बाटो काट्न निकै गाह्रो छ । कतिपयको त बाटो काट्दा सवारीसाधनको ठक्करबाट ज्यानैसमेत गएको छ ।

सरकारले अहिले पनि धेरै ठाउँमा आकाशे पुल बनाएको छैन । जेब्राक्रसहरुमा पनि रङरोगन गरेको छैन । ट्राफिक प्रहरीहरु नजिक हुँदैनन् । जसले गर्दा शिक्षित होस् या अशिक्षित, जो पनि जताततैबाट बाटो काट्छन् । अहिले आधादेखि एक घण्टाको फरकमा आकाशे पुल भेटिन्छन् ।

तर त्यो पनि असुरक्षित बन्दै गएको छ । मर्मत गर्नुपर्ने अवस्थामा पुगेको छ । यता मानिसलाई एक ठाउँतिर जानुपर्नेमा आकाशे पुल भने अर्को ठाउँतिर हुने हुँदा पनि उनीहरु मारमा पर्ने गर्छन् । बाटो काट्नका लागि कि त आधा घण्टा हिँडेर पुल भएको ठाउँमा आउनुपर्छ ।

होइन भने ज्यानको बाजी राखेर बाटो काट्नुपर्ने बाध्यता छ । मुलुकभर दैनिक ११ जनाले सवारी दुर्घटनामा आफ्नो ज्यान गुमाउँछन् । तर, सरकारले दुर्घटना न्यूनीकरण गर्नका निम्ति वा आमनागरिकको बाँच्न पाउने हकको संरक्षणका निम्ति केही गरेको छैन ।

विद्यालयको पाठ्यक्रममा ट्राफिक नियमको बारेमा पढाइँदैन । बाटो कसरी काट्ने, कुन अवस्थामा काट्ने, कताबाट काट्ने र कताबाट काट्नुहुन्न भन्ने विषय हाम्रो पाठ्यपुस्तकमा समावेश गरिएको छैन । यसले गर्दा बालबालिका, विद्यार्थी, ज्येष्ठ नागरिकलगायतलाई बाटो काट्न निकै कठिनाइ हुने गरेको छ ।

उनीहरुलाई बाटो काट्न कसैले सहयोगसमेत गर्दैन । यता, जनतामा पनि सचेतनाको अभाव भएको प्रस्टै देखिन्छ । मानिसहरु हातमा बच्चा बोकिरहेका छन् । तर, फुटपाथबाट हिँड्नुको साटो सडकबाट हिँड्छन् । यसरी सडकबाट हिँड्दा सवारीसाधनले हान्छ वा दुर्घटना हुन सक्छ भन्ने चेतना उनीहरुमा छैन ।

काठमाडौं महानगरपालिकाले फुटपाथमा व्यापार व्यवसाय गर्दै आइरहेकाहरुलाई हटाउँदै आएको छ । तर, महानगर प्रहरीको आँखा छलेर अहिले पनि कतिपय ठाउँमा पैदलयात्रीलाई हिँड्नु सकस हुने गरी फुटपाथमा सामान तथा मोटरसाइकलहरु राखिएको पाइएको छ ।

यता, ललितपुर र भक्तपुरको त झन् कुरै छोडौं । फुटपाथ पैदलयात्रीका लागि बनाएको हो । तर, भक्तपुरको फुटपाथ देख्दा व्यापार व्यवसायका लागि बनाएको भन्दा पनि केही फरक पर्दैन । यहाँ फुटपाथमा पैदलयात्रीहरु टेक्नसमेत पाउँदैन । आफ्नो ज्यानको बाजी राखेर सवारीसाधन चारैतिरबाट आउने सडकबाट हिँड्नुपर्ने उनीहरुको बाध्यता छ । फुटपाथमा व्यापारीहरु बिहानदेखि बेलुकासम्म व्यापार गर्छन् । तर, फोहोर भने सडकभरि फाल्छन् ।

त्यस्तै, ललितपुरमा पनि अहिले त्यही हालत छ । जताततै फुटपाथमा कपडा, तरकारी पसल राखिएको छ । उपत्यकाभित्र पानी पर्दा आम नागरिक हिँड्न डराउँछन् । किनकि सडक वरपर रहेका सबै घरहरुमा पानी परेपछि छतको बाटो बाटो झर्छ । यता, बाटोमा हिँड्ने क्रममा सर्वसाधारण त्यो फोहोर पानीबाट भिज्नुको साथै घरको छतमा राखिएको गमला झरेर घाइतेसमेत हुने गरेका छन् ।

कतिपय पसलेहरु सटरभन्दा बाहिर फुटपाथमा सामान बेच्न राख्छन् । काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले राजधानीमा छ दशकदेखि फुटपाथ कब्जा गरेर बसेका व्यापारीहरुलाई हटाए । यसले गर्दा पैदलयात्रीलाई निकै सहज भएको छ । ट्राफिक जाममा कमी आएको छ । सहर सुन्दर र सफा देखिन थालेको छ ।

*–अमृत खड्का*
*कुमारीपाटी, ललितपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**गंगा स्नान** | दाङको घोराही उपमहानगरपालिका–६ मा रहेको बबई नदीमा बिहीबार जनैपूर्णिमाका अवसरमा गंगा स्नान गर्दै सर्वसाधारण ।

*तस्बिरः रञ्जिता अधिकारी/रासस*

# रिखार क्षेत्रमा जनैपूर्णिमा मेला

■ **ध्रुवसागर शर्मा**

**गलेश्वर–** धौलागिरि हिमालको फेद । चारैतिर हरियाली भूगोल । अनकन्टार ठाउँमा ताल । तालको बीचमा डुंगा आकारको ढुंगामाथि निर्माण गरिएको प्राचीन शैलीको मन्दिर । वरिपरि खर्क र बुकीसहितको हिमाली दृश्य ।

म्याग्दीको रघुगंगा गाउँपालिका–८ कुइनेमंगलेमा धौलागिरि हिमालको फेदैमा अवस्थित सप्तऋृषिको तपस्थली र 'हिमालका देवता'को बासस्थान मानिएको प्रसिद्ध रिखार क्षेत्रको मनमोहक प्राकृतिक दृश्य हो यो ।

बेनीबजारदेखि करिब ४० किलोमिटर उत्तरतर्फ धौलागिरि हिमालको फेदमा अवस्थित सो क्षेत्र धार्मिक दृष्टिले मात्र नभई पर्यटकीय गन्तव्यका रुपमासमेत महत्त्वपूर्ण रहेको छ । रिखार क्षेत्रको प्रचारप्रसारका लागि स्थानीयवासीले जिल्लाका सरोकारवाला निकायलाई जानकारी गराउनेदेखि लिएर सो क्षेत्रको सरसफाइ र गोरेटोबाटो निर्माण गरेका छन् । रिखारमा बिहीबार जनैपूर्णिमाका दिन सप्तऋृषिको विशेष पूजाआजा हुनुका साथै मेलाको आयोजना गरिएको छ ।

स्कन्दपुराणका अनुसार द्वापर युगमा देवीदेवता र ऋृषिमुनिले तपस्या गर्ने रिखार क्षेत्र मनमोहक प्राकृतिक वातावरण, जैविक र सांस्कृतिक विविधता, वन्यजन्तु तथा पक्षीका कारण आकर्षक पर्यटकीय गन्तव्य बन्नसक्ने सम्भावना रहेको रघुगंगा गाउँपालिका–८ का वडाअध्यक्ष गमान छन्त्यालले बताए । रिखार क्षेत्रलाई हिमालका देवताको बासस्थान भनेर चिनिने गरिएको उनको भनाइ छ ।

रिखार ताल छेउमै रहेको शिवमन्दिर र वर्षौं पहिलेका शिल्पीको संरक्षणका लागि स्थानीय तहबाट भएको प्रयासलाई माथिल्लो निकायबाट सहयोग नभएको त्यस क्षेत्रको पर्यटकीय विकासमा सक्रिय रहँदै आएका स्थानीयवासी अंकित पुनले बताए । उनका अनुसार संरक्षणको अभावमा मन्दिर जीर्ण बनेको छ भने छन्त्याल, मगरलगायत भाषाका शिल्पलिपि नष्ट हुने अवस्थामा छन् ।

सरोकारवालाको बेवास्ताका कारण त्यस क्षेत्रमा गरिएको अध्ययनको प्रतिवेदन अहिले अलपत्र परेको छ । रिखार क्षेत्रमा पुग्न उचित बाटोघाटो निर्माण र अन्य भौतिक संरचनाको निर्माणतर्फ सबैको ध्यान पुगे त्यहाँको विकास हुने स्थानीय बासिन्दा देउमान घर्तीको भनाइ छ । तलाउको जलले स्नान गरी भगवानको पूजाअर्चना गर्नाले भगवानको लोक पाउने र पुण्य प्राप्त हुने जनविश्वास रहेको छ । देशका विभिन्न स्थानका साथै भारतबाट आउने तीर्थयात्री र पर्यटक बाटो र खानेबस्ने होटलको सुविधा नहुँदा समस्यामा पर्ने गरेका छन् ।

कुइनेमंगलेमा अवस्थित प्रसिद्ध धार्मिक तथा प्राकृतिक सौन्दर्यले युक्त हिमालीस्थल 'रिखार क्षेत्र' धर्तीको स्वर्ग र हिमाली देवताको बासस्थान भनेर चिनिन्छ । संसारको सातौं अग्लो धौलागिरि हिमालको काखमा रहेको पवित्र धार्मिकस्थल रिखार क्षेत्र जति विकट छ त्योभन्दा सयौं गुणा मनमोहक र चित्ताकर्षक रहेको नवीन आनन्द योग केन्द्रका योग गुरु नवीन जुग्जालीले बताए ।

सप्तऋृषीले तपस्या गरी ज्ञान हासिल गरेको पवित्र तीर्थस्थलका रुपमा चिनिँदै आएको रिखारमा जनैपूर्णिमाको दिन विशेष पूजाआजा हुने गर्दछ । बेनीबाट गलेश्वर, मोवाफाँट, दग्नाम, दर्मिजा, चिमखोला, मंगले, घाँसीखर्क, चौरखानी, द्वारी, पाल्लेखर्क, बयलीखर्क हुँदै हिमालको फेदमा अवस्थित रिखार क्षेत्रमा पुग्न सकिन्छ ।

धार्मिक ग्रन्थमा रिखार क्षेत्रका बारेमा धेरै वर्णन गरिएको भए पनि यो क्षेत्र म्याग्दी जिल्लामा पर्छ भन्ने कुरा धेरैलाई जानकारीमा नै छैन । मत्स्यपुराणका अनुसार संसार प्रलय भई जलमय हुँदा महाराज सत्यव्रत र अरुन्धतीसहित सप्तऋृषिहरु डुंगामा चढी सुरक्षित स्थलको खोजीमा समुद्रमा घुम्दै गर्दा लगातार उत्तरतर्फ डुंगा खियाउँदै जाँदा उनीहरुले उत्तरापन्थमा धवलागिरि पर्वतलाई समुद्रको बीचमा माथि उठेको देखे र आफ्नो डुंगालाई त्यतैतिर अघि बढाइ यहाँ आएर तपस्या गरेको उल्लेख गरिएको पं भीमनाथ पराजुलीले बताए ।

पुलहाश्रमअन्तर्गतका चार धाममध्ये एक धाम मानिने ऋृषिराश्रम धामको पूर्वमा गलेश्वरधाम, पश्चिममा मानसरोवरधाम, दक्षिणमा जगन्नाथ धाम र उत्तरमा मुक्तिनाथ धाम रहेका छन् । वाल्मीकि गुफा, अरुन्धती गुफा, सप्तऋृषि गुफा नामका गुफा रहेका छन् ।

डुंगा आकारको ढुंगा र गुफाले मत्स्यपुराण र श्रीमद्भागवत महापुराणका दृष्टान्तलाई सत्य प्रमाणित गरिदिएको पं भीमनाथ पराजुलीले जानकारी दिए । सप्तऋृषिको तपोभूमिसमेत रहेको रिखार क्षेत्र हिन्दूधर्मावलम्बीको आस्थाको धरोहरसमेत मानिन्छ ।

जनैपूर्णिमा मेला तथा विशेष पूजा

सप्तऋृषिले तपस्या गरी ज्ञान हासिल गरेको पवित्र तीर्थस्थलका रुपमा चिनिँदै आएको रिखार क्षेत्रमा जनैपूर्णिमाको दिन बिहीबार विशेष पूजाआजासहित जनैपूर्णिमा मेला लागेको छ । रघुगंगा–८ कुइँनेमंगलेमा अवस्थित प्रसिद्ध धार्मिक तथा प्राकृतिक सौन्दर्यले युक्त हिमाली स्थल 'रिखार क्षेत्र' धर्तीको स्वर्ग र हिमाली देवताको बासस्थान भनेर चिनिन्छ । 'वैदिक समाजका आरम्भकर्ता सप्तऋृषीले तपस्या गरेको यस क्षेत्रमा परापूर्वकालदेखि नै जनैपूर्णिमाको दिन विशेष पूजा र मेलाको आयोजना गरिँदै आइएको छ,' रिखार युवा क्लबका संरक्षक अंकित पुनले भने ।

हरेक वर्ष जनैपूर्णिमामा यहाँ आउने भक्तजनले एकपटक पुग्नैपर्ने पर्यटकीय तथा धार्मिकस्थलका रुपमा प्रचारप्रसार गरेकै आधारमा पछिल्लो समय जिल्लाका साथै देशभरबाट धार्मिक पर्यटक आफ्नो मनोकामना पूरा हुने जनविश्वासका साथ रिखार क्षेत्रमा पुग्ने गरेको रघुगंगा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताए । समुद्री सतहदेखि चार हजार ६०० मिटरको उचाइमा अवस्थित रिखारमा पुग्ने धेरैले त्यहाँको भौगोलिक तथा मन्दिर आसपासका दृश्यलाई अवलोकन गरेपछि प्रकृतिको अनुपम उपहार पाएको धर्तीको स्वर्ग भनेर भन्ने गर्छन् । *रासस*

# पठन संस्कृति जगाउँदै राणाकालीन विद्यामन्दिर पुस्तकालय

**गलकोट–** धौलागिरिको जेठो सामुदायिक पुस्तकालय 'विद्यामन्दिर पुस्तकालय' स्थापना भएको ७७ वर्ष पूरा भएको छ । राणाकालीन समयमा ओमप्रसाद गौचन र मेघकुमार वैद्यले गोरखपुरबाट पुस्तक खरिद गरेर सो पुस्तकालय स्थापना गरेका थिए ।

सत्र हजारभन्दा बढी पुस्तक संग्रहित रहेको पुस्तकालयको अहिलेको चुनौती भनेको आमपाठकको अभिरुचि नै हो । कुनै दिन पाठकले भरिभराउ हुने उक्त पुस्तकालयमा अहिले मुस्किलले दुई दर्जन पाठक पुग्ने गरेका छन् । पछिल्लो पुस्तामा पठन संस्कृतिको विकास नहुनु र डिजिटल माध्यममा विद्यार्थीले समय व्यतीत गर्दा सामुदायिक पुस्तकालयमा विद्यार्थीको आकर्षण घटिरहेको जनाइएको छ । पछिल्लो समय सामुदायिक पुस्तकालय धराशायी भइरहेको सन्दर्भमा यहाँको राणाकालीन पुस्तकालय भने पठन संस्कृति जगाउन प्रयासरत देखिन्छ ।

यसका लागि पुस्तकालयले आफूलाई परिमार्जन गर्दै प्रविधिमैत्री हुने, पठन संस्कृतिको विकास गराउने रचनात्मक क्रियाकलाप जस्ता रोचक कार्यक्रममा सक्रिय देखिएको छ । पुस्तकालयले विद्यार्थीलाई पुस्तकालयमा पठन संस्कृतिप्रति अभिरुचि जगाउन एक पछि अर्को अभियान चाल्दै आएको हो । पुस्तकको महत्त्व बढाउँदै पठन संस्कृतिको विकास गर्नका लागि विद्यार्थी लक्षित कार्यक्रम चलाइरहेको विद्यामन्दिर पुस्तकालयका अध्यक्ष राम थापाले बताए ।

एक महिना अघिमात्रै 'बाजेबज्यैको कथा मेरो सचित्र' कार्यक्रममार्फत विद्यार्थी लक्षित कार्यक्रम गरेको पुस्तकालयले अहिले 'पुस्तौंपुस्ताका लागि पुस्तकालय,' 'ज्ञानका लागि पुस्तकालय,' 'किन पढ्ने पुस्तक' र 'पुस्तकालय अब इतिहास कि आवश्यकता' लगायतका विभिन्न शीर्षकमा कार्यक्रम तथा बहस गरिएको उनले जानकारी दिए ।

'चार/पाँच वर्ष पहिलासम्म दैनिक सय/दुई सयको हाराहारीमा पाठक पुस्तकालय आउँथे, अहिले पाठक घटेका छन् । हुनत पुस्तक किनेर घरमै पढ्ने चलन आइसक्यो, कम्प्युटरमा अनलाइन पुस्तकसमेत पढ्न पाइने व्यवस्था पुस्तकालयमा छ,' उनले भने 'पठन संस्कृतिको विकास गर्न विद्यालयका विद्यार्थीलाई पुस्तकालयमा आमन्त्रण गर्ने, अध्ययन अवलोकन भ्रमण गराउने, हस्तलिखित पुस्तकसमेत देखाउने गरेका छौं, ऐतिहासिक दस्तावेजसमेत भएको यस पुस्तकालयमा धेरै पुस्तक अन्यत्र पाइँदैनन्, हामीले पाठक आकर्षण गर्नका लागि रचनात्मक काम गर्दै आएका हौं ।' १६औं राष्ट्रिय पुस्तकालय दिवसको अवसर पारेर विद्यामन्दिर पुस्तकालयले पुस्तकालय र पुस्तकको महत्त्वको विषयमा वक्तृत्वकलासमेत आयोजना गरेको छ ।

यस्तै उपन्यासकार तथा लेखक गणेश पौडेलसँग 'पुस्तक किन पढ्ने' भन्ने विषयमा संवाद गरिएको छ भने वरिष्ठ अधिवक्ता काजी गाउँले श्रेष्ठ र पत्रकार मुकेशचन्द्र राजभण्डारीसँग 'पुस्तकालय अब आवश्यकता कि इतिहास' भन्ने विषयमा अन्तरसंवाद गरिएको हो । उक्त अन्तरसंवादमासमेत पुस्तकप्रेमी र विभिन्न विद्यालयका विद्यार्थीलाई सहभागी गराइएको थियो ।

अन्तरसंवादमा 'पैतला' उपन्यासका लेखक पौडेलले विद्यालयको किताबसँगै अतिरिक्त समयमा पुस्तकालयका किताब पढ्न आवश्यक रहेको बताए । उनले अध्ययनविना कुनै विज्ञता हासिल गर्न नसकिने भन्दै अध्ययनको दायरा फराकिलो बनाउन पुस्तक पढ्न आवश्यक रहेको बताए । '१० कक्षासम्म अध्ययन गरेका विद्यार्थीले कम्तीमा १० पाठ्यक्रम बाहिरका पुस्तक अध्ययन गर्न आवश्यक हुन्छ, पठन संस्कृति नहुँदा सामाजिक सञ्जालमा समय बिताउने परिपाटीले हामीलाई सही स्थानमा लाँदैन नत गन्तव्यमै पुऱ्याउँछ,' उनले भने 'अध्ययनको सीमा साँघुरो भएको छ । अहिले अध्ययनलाई बढाउन सकेमात्रै सबैभन्दा अब्बल भइन्छ, विद्यार्थीले कम्तीमा वर्षको एउटा अतिरिक्त पुस्तक भए पनि पढ्न आवश्यक छ ।'

पत्रकार राजभण्डारीले पुस्तकालयले पाठक खोज्नुपर्ने अवस्था आउनु चिन्ताको विषय भएको जनाउँदै पुस्तकालयले नयाँ र पुरानो पुस्तालाई जोड्न प्रविधिलाई समेत जोड्नुपर्ने बताए । 'राणाशासनमा गोराखपुरबाट खच्चडमा बोकाएर खोलामा डुंगा तारेर पुस्तक ल्याएर स्थापना गरेको विद्यामन्दिर पुस्तकालयको ऐतिहासिक महत्त्व रहेको, हस्तलिखित पुस्तक संग्रह गरिएको र धौलागिरिका लेखकद्वारा लेखिएको पुस्तककोसमेत संग्रह गरिएको पुस्तकालय अध्ययनशील र पाठकप्रेमीका लागि निकै लाभनीय हुनेछ,' उनले भने, 'पहिला पुस्तकालय खोज्दै पाठक आउँथे, अहिले विद्यामन्दिर पुस्तकालय पाठकको खोजीमा कहिले विद्यालय पुगेको छ भने कहिले पठन संस्कृतिको विकासका लागि रचनात्मक काम गर्दै आएको छ ।'

पाठक आकर्षित गर्न नसक्दा बागलुङको अर्को पुरानो सामुदायिक पुस्तकालय ज्ञानोदय भगवती सामुदायिक पुस्तकालय अहिले बन्द रहेको सन्दर्भमा धौलागिरिकै जेठो पुस्तकालय विद्यामिन्दर पुस्तकालयले भने आफ्नो सक्रियता देखाइरहेको छ । *रासस*

> सत्र हजारभन्दा बढी पुस्तक संग्रहित रहेको पुस्तकालयको अहिलेको चुनौती भनेको आमपाठकको अभिरूचि नै हो । कुनै दिन पाठकले भरिभराउ हुने उक्त पुस्तकालयमा अहिले मुस्किलले दुई दर्जन पाठक पुग्ने गरेका छन् ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०४/११ गते निम्न विवरणको Plasma Blue रङ्को Pulsar 199.05cc को मोटरसाइकल जनकपुर भाटभटेनी अगाडि पार्किङ गरेको अवस्थामा हराईएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनीको नाम : बविता सिङ्दन
बाइक नं. : एन.एस प्रदेश २-०२००५ प ३५१६
च्यासिस नं.:MD2A36FX5MLG93958
इन्जिन नं. : JLXCMG86733
मो. : ९८१४८७७७४३

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक १२९ भाद्र १३ गते २०८० मा प्रकाशित All Asia Overseas Pvt. Ltd. को Lot .No. 290037 को Mohammad Mohammad Rashid Trading & Contracting Co. कम्पनीको विज्ञापनमा पुर्व स्वीकृति मिति २०८०/०४/११ गते मात्र हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

All Asia Overseas Pvt.Ltd
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक १३० भाद्र १४ गते २०८० मा प्रकाशित Lot .No. 283801 को Mf International Sdn Bhd कम्पनीको विज्ञापन Mehandi Overseas Pvt. Ltd. को हुनुपर्नेमा भूल बस Meridian Overseas Pvt.Ltd. हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

MEHANDI OVERSEAS PVT. LTD.
Sinamangal-9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : KESM INDUSTRIES BERHAD

पूर्व स्वीकृति मिति २०७९/०५/०८ | LT. No. 291612 | चलानी नं. ६०२०७०५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २२ गते (8th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Govt. License 387/059/060
Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal
Tel: +977 1 4418252, Fax: +977 1 4480765
Email: paradeshiservices@gmail.com
Website: www.paradeshioverseas.com

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय बागबजार, काठमाण्डौको धितोमा रहेको सम्पत्ति पुन: लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८०/०५/१५ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साविक एन सी सी बैंक लि.) शाखा कार्यालय बागबजार, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० भदौ २२ शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा कुमारी बैंक लिमिटेड प्रधान कार्यालय अर्न्तगतको कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यलय भरतपुर, चितवनमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७१/०९/०७, प्रा.फ.नं.४४२/०७१/७२ मा दर्ता भई स्थायी लेखा नं.६०२८२९९६६ अन्तर्गत कायम रहि चितवन जिल्ला, खैरहनी न.पा., वडा नं.१ स्थित रजिष्टर कार्यालय रहेको **नेपाल फिड्स एण्ड एग्रिकल्चर बायोटेक** (प्रोप्राईटर गोविन्द प्रसाद नेपालको नाति, पुर्ण प्रसाद नेपालको छोरा, चितवन जिल्ला, चैनपुर गा.बि.स., वडा नं.२ बस्ने **शिवराज नेपाल** ना.प्र.नं. ११८२, जारी मिति २०५२/०४/०७ जिल्ला प्रशासन कार्यालय चितवन) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**

१. गोविन्द प्रसाद नेपालको नाति, पुर्ण प्रसाद नेपालको छोरा, चितवन जिल्ला, चैनपुर गा.बि.स., वडा नं.२ बस्ने **शिवराज नेपाल** (ना.प्र.नं.११८२, जारी मिति २०५२/०४/०७, जिल्ला प्रशासन कार्यालय चितवन) ।
२. विष्णु ढकालको नातिनी, बलराम ढकालको छोरी, मकवानपुर जिल्ला, पालुङ्ग गा.बि.स., वडा नं. ०५ बस्ने **सृजना ढकाल** (ना.प्र.नं. ५६/३६८८७, जारी मिति २०६३/०४/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।

**लिलाम हुने सम्पत्तिको विवरण:**

ऋणी **नेपाल फिड्स एण्ड एग्रिकल्चर बायोटेक**को नाममा मालपोत कार्यालय मनमैजु, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, गोलढुंगा गा.बि.स., वडा नं.५/क स्थित कित्ता नं.१०२९ को क्षेत्रफल १-५-०-२ (रोपनी )को जग्गा तथा सोको सम्पुर्ण लिगलगापात समेत ।

२. **ऋणीको विवरण:**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०६/१८ मा दर्ता नं.१४०८४६/०७२/७३ मा दर्ता भई स्थायी लेखा नं. ६०३५४८९५० अन्तर्गत कायम रहि काठमाण्डौ जिल्ला, तारकेश्वर न.पा., मनमैजु, वडा नं.२१ स्थित रजिष्टर कार्यालय रहेको **कामना फामिङ्ग प्रा.लि.**( संचालक इश्वरी प्रसाद अधिकारीको नाति, कृष्ण प्रसाद अधिकारीको छोरा, धादिङ जिल्ला, वैरेनी गाउँ पञ्चायत, वडा नं.३ बस्ने **श्रीराम अधिकारी**, ना.प्र.नं.२१/३५८३/९४६/०४१/०४२, जारी मिति २०४१/०८/२५, जिल्ला प्रशासन कार्यालय धादिङ ) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण:**

इश्वरी प्रसाद अधिकारीको नाति, कृष्ण प्रसाद अधिकारीको छोरा, धादिङ जिल्ला, बैरेनी गाउँ पञ्चायत, वडा नं.३ बस्ने **श्रीराम अधिकारी** ( ना.प्र.नं.२१/३५८३/९४६/०४१/०४२, जारी मिति २०४१/०८/२५, जिल्ला प्रशासन कार्यालय धादिङ ) ।

**लिलाम हुने सम्पत्तिको विवरण:**

ऋणी **कामना फामिङ्ग प्रा.लि.**को नाममा मालपोत कार्यालय मनमैजु ,काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, गोलढुंगा गा.बि.स, वडा नं.५ कस्थित कित्ता नं.३०६, ३०७, १०२०, १०२६, १०२८ र २७६ को क्षेत्रफल क्रमश : ०-२-२-०, ०-५-२-०, ०-१-०-३, ०-०-३-३, १-१२-१-१ र ०-४-०-० (रोपनी) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापात समेत ।

**शर्तबन्देजहरु**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० भदौ २१ गते** भित्र बैंकको प्रधान कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लि.को प्रधान कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/ तिरी प्राप्त गर्न सकिने छ । उक्त बोलपत्रमा बोलपत्र बालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्ने छ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० भदौ २२ गते १२:०० बजे** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको प्रधान कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौ बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै ब्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको प्रधान कार्यालय अन्तरगतको कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० भदौ २२ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-४२४६९९१

# प्रभाव दैनिक

रूपशाला


## शाहरूखको 'जवान' को ट्रेलर रिलिज

शाहरूख खानको फिल्म 'जवान' को ट्रेलर रिलिज भएको छ। यो ट्रेलरबाट शाहरूख खान एक पिता र छोराको भूमिकामा देखिने पक्का भएको छ। उनी ट्रिपल भूमिकामा देखिने हो कि भन्ने सम्भावना छ। ट्रेलरमा शाहरूख आर्मी सिपाही, आईपीएस अफिसर र अपहरणकर्ताको भूमिकामा देखिएका छन्। शाहरूखबाहेक यसमा विजय सेतुपति, नयनतार, दीपिका पादुकोण र सान्या मल्होत्रासमेत थुप्रै कलाकार देखिएका छन्। फिल्म ७ सेप्टेम्बरमा सिनेमा घरमा रिलिज हुनेछ।





शुक्रबार, १५ भदौ २०८० (Friday, September 1, 2023)


# 'ऐंचो पैंचो' को प्रिमियर



■ प्रभाव संवाददाता

**काठमाडौं–** कृषा चौलागाईको डेव्यु निर्देशनमा निर्माण भएको सिनेमा 'ऐंचो पैंचोको रिलिज पूर्वसन्ध्या प्रिमियर शोको आयोजना गरिएको छ । बुधबार साँझ काठमाडौंमा आयोजित प्रिमियरमा चलचित्रकर्मी र राजनीति हस्तीको बाक्लो उपस्थिति थियो ।

प्रिमियरमा सिनेमाकर्मीहरुका साथै नेकपा एकिकृत समाजवादीका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधव कुमार नेपाल, राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, कांग्रेस नेता प्रदीप पौडेल, एमाले नेता महेश बस्नेतलगायतको उपस्थिति थियो । प्रिमियरमा प्राप्त सकारात्मक प्रतिक्रियाले निर्देशक कृषा चौलागाई खुसी देखिएकी छन् । दर्शकले पनि सिनेमा रुचाउनेमा उनी विश्वस्त देखिइन् ।

सिनेमा अभिनेत्री राउतले गम्भीर भूमिकामा मनछुने अभिनय गरेको भन्दै प्रायःले प्रिमियरमा उपस्थित पाहुना उनको प्रशंसामा शब्द खर्चिए । अभिनेता सुशील सिटौलाको अभिनयको पनि तारिफ भएको थियो । निर्देशक शोभित बस्नेतले 'ऐंचो पैंचो'को कथावस्तुले नेतालाई दुखी र आफ्नो पीडा देखाएकोमा कार्यकर्तालाई खुसी बनाउने बताएका छन् । सबै राजनीतिकर्मीले सिनेमा हेर्नेपर्ने उनी बताउँछन् । उनका छोरा तथा अभिनेता सलोन बस्नेतले पनि सिनेमा राम्रो बनेको बताए ।

त्यस्तै, निर्देशक तथा कलाकार दीपाश्री निरौलाले सिनेमा राम्रो रहेको बताउँदै राजनीतिले समाजमा पारेको प्रभावलाई सशक्त ढंगले प्रस्तुत गरिएको बताइन् । अभिनेता संजोग कोइरालाले सिनेमा समसामयिक रहेको र हेरुन्जेल मज्जा आएको प्रतिक्रिया दिए ।

नेकपा एसका नेता तथा सांसद् प्रेम आलेले सिनेमा असाध्धै राम्रो बनेको भन्दै प्रशंसा गरे । राजनीतिकर्मीहरुले आफूलाई सच्चाउनुपर्ने सन्देश सिनेमाले दिएको उनको बुझाई छ । सांसद् शोभिता गौतमले सिनेमाले समाजको राम्रो ऐना प्रस्तुत गरेको तर्क गरिन् । अर्का सांसद् ज्ञानेन्द्र शाहीले सिनेमाले अहिलेको नेपालको यथार्थ पक्ष देखाएको बताएका छन् । सिनेमामा कुनै बनावटी नभएको र राजनीतिज्ञकै कथा देखाएको उनको बुझाई छ ।

फिल्ममा स्वस्तिमा खड्का, वर्षा राउत, मुकुन भुषाल, सुशिल सिटौला, कोशिस क्षेत्री, रमेश बुढाथोकी, राजाराम पौडेल, बुद्धि तामाङ, रविन्द्र झा, सरिता गिरी, विशाल पहारी आदिको अभिनय छ । फिल्ममा अभिमन्यू निरवीको लेखन र पुरुषोतम प्रधानको छायांकन रहेको छ । 'काले केटाले' गीतका कारण चर्चामा रहेको 'ऐंचो पैंचो'ले राजनीतिलाई मियो बनाएर कथावाचन गरेको छ ।

पूर्वी नेपालमा रमणीय स्थानमा खिएको सिनेमामा स्वस्तिमा खड्का, मुकुन भुषाल, बर्षा राउत, सुशिल सिटौला, कोशिस क्षेत्री, रमेश बुढाथोकी, राजाराम पौडेल, बुद्धि तामाङ, रविन्द्र झा, सरिता गिरी, विशाल पहारी लगायतका कलाकारको अभिनय रहेको छ । सिनेमाको एक गीतमा एलेक्स बिक पारस विशेष भुमिका देखिएका छन् ।

केपी फिल्मस्को ब्यानरमा निर्माण भएको सिनेमामा प्रितम लामिछाने र आध्या लामिछाने निर्माता र विशाल चौलागाई सह(निर्माताको रुपमा रहेका छन् । सिनेमामा अभिमन्यु निरवीको कथा, पुरुषोत्तम प्रधानको छायांकन, कविराज गहतराजको कोरियोग्राफी, शुजिल कर्माचार्यको पार्श्व संगीत, रेनिश फागोकको कलर, सत्यम राणको भिएफएक्स, मुकेश शाहको साउण्ड डिजाइन, भोला सुवेदी (प्रनव) प्रोडक्सन कन्ट्रोलर, विनय राज पौडेलको मुख्य सहायक निर्देशक र विपिन मल्ल र भुपेन्द्र अधिकारीको सम्पादन छ ।

# 'भस्मे डन'को 'दुई चुल्ठी बाटन' गीत सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** अगामी दशैंमा प्रदर्शनको तयारीमा रहेको फिल्म 'पशुपति प्रसाद २ : भस्मे डन' को पहिलो गीत सार्वजनिक भएको छ । 'दुई चुल्ठी बाटन' बोलको गीत जनै पूर्णिमाको अवसर पारेर सार्वजनिक गरिएको हो । गीतमा विपिन कार्की, आँचल शर्मा र निश्चल खड्का देखिएका छन् । आँचल र निश्चल फिल्मको यहि गीतमा मात्र देखिने हुन् भने विपिन फिल्मका मुख्य कलाकार हुन् । गीतमा बी पाण्डेको शब्द, सुवास भुषालको संगीत र मेलिना राई र निशान भट्टराईको स्वर छ ।

निरज कँडेलको छायांकन, प्रविन सिंहको कोरियोग्राफी गीतमा छ । 'पशुपति प्रसाद' को सिक्वेलको रुपमा निर्माण भएको यो फिल्म पशुपति प्रसादको मृत्यु पश्चात पशुपति क्षेत्रमा आफ्नो अस्तित्व स्थापित गर्न संघर्षरत 'भस्मे डन' को जीवनमा आधारित छ ।

दीपेन्द्र के खनालको निर्देशन रहेको फिल्ममा विपिनका अलवा स्वस्तिमा खड्का, सौगात मल्ल, रविन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, मिस्श्री थापा, सजन थापामगर, विभु पौडेल, प्रकाश दाहालको पनि अभिनय रहेको छ । फिल्मका खगेन्द्र लामिछाने र बर्षा शिवाकोटीको विशेष भूमिका छ । टुकी आर्टस्को ब्यानरमा निर्माण भएको फिल्म अभिनेता खगेन्द्र लामिछानेले लेखेका हुन् । फिल्म नेपालमा डिसिएन, टि फक्स र रिच इन्टरटेनमेन्ट अनि भारतमा सुष्मा प्रोडक्सन र विश्वभर सेभेज सिजले वितरण गर्दैछन् ।

# कृषिलाई प्राथमिकतामा राख्नुपर्छः हमाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** महानायक राजेश हमालले सरकारले कृषिलाई प्राथमिकतामा राखेर अघि बढेमात्रै देश विकास सम्भव रहेको बताएका छन् । बिहीबार काठमाडौं आयोजित रेभुलुसनरी एग्रिकल्चर वार (रअ) घोषणा कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

हमालले नेपाललाई विकास गर्नु छ भने सम्पन्न बनाउनु छ भने एग्रिकल्चरलाई नै प्राथमिकतामा राख्नुपर्ने जिकिर गरे । उनले कृषिबाट मात्रै देशलाई विकासतर्फ लैजान सकिने उनको भनाइ छ । नेपालको क्षेत्र, इतिहास, परम्परा, संस्कृति सुहाउँदो भनेकै कृषि क्षेत्र भएकाले अन्य राष्ट्रको मोडल हेरेर नेपाल सम्पन्न बन्न नसक्ने उनले बताए ।

नेपालले विश्वमा आफ्नो स्थान बनाउनु छ भने कृषिलाई नै प्राथमिकतामा राखेर अघि बढ्नुपर्ने धारणा हमालले राखे । आधुनिकताको नाममा पुराना संस्कृतिलाई मास्ने काम भइरहेको पनि उनले बताए ।

कृषक र कृषि प्राविधिकहरूको यो प्रतियोगिता नेपालमै पहिलो पटक भएको हो । जसलाई दुई भागमा विभाजन गरिएको छ । १६ औं एपिसोडसम्म रअ कार्यक्रम चल्नेछ । जसमा कृषि प्राविधिकहरुको छुट्टै र कृषकहरूबीच छुट्टै प्रतिस्पर्धा हुनेछ । कार्यक्रम सञ्चालन महानायक राजेश हमालले गर्नेछन् । दुवैतर्फ एक/एक विजेता चयन हुनेछन् । विजेताले १० लाख भन्दा बढी नगद पाउनेछन् ।

त्यस्तै कार्यक्रम कुन टेलिभिजनबाट प्रशारण हुने भन्ने टुंगो लागि नसकेको भए पनि माघबाट प्रतिस्पर्धा सुरु हुने आयोजकले जनाएको छ ।


रंगशाला


## एसिया कप

# नेपाली टिम श्रीलंकामा



एसिया कप २०२३ अन्तर्गत समूह चरणको आफ्नो दोस्रो खेलका लागि नेपाली राष्ट्रिय क्रिकेट टिम श्रीलंका पुगेको छ। बुधबार आफ्नो पहिलो खेलमा नेपाल पाकिस्तानसँग २ सय ३८ रनले पराजित भएको थियो। सो खेल लगत्तै नेपाली श्रीलंकाको लागि प्रस्थान गरेको थियो। नेपालले भारतसँग भदौ १८ मा खेल्नेछ। खेल श्रीलंकाको क्यान्डीमा हुनेछ।

## आइसिसी महिला टी-२० विश्वकप छनोट

# मलेसियाविरुद्ध नेपाल विजयी

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालले आइसिसी महिला टी-२० विश्वकप एसिया छनोटमा विजयी सुरुवात गरेको छ। बिहीबार घरेलु टिम मलेसियामाथि ५ रनको जित निकाल्यो ।

नेपालले दिएको ८५ रनको लक्ष्य पछ्याएको मलेसियाले ९ विकेटको क्षतिमा ७९ रन मात्र जोड्न सक्यो । मलेसियका लागि अइना हमिजाहले १४ रन र दुराइसिंहमले २८ रनको योगदान गरे । कुनै बेला बलियो स्थितिमा रहेको मलेसियाले १७ ओभरको तेस्रो र चौथो बलमा लगातार दुई विकेट गुमाउँदा खेल नेपालको पक्षमा गएको थियो । सो ओभरमा सीता रानामगरले मीरा स्माइललाई रनआउट गर्दा अर्को बलमा कविता जोशीले दुराइसिंहमलाई आउट गरेकी थिइन् । बलिङमा नेपालकी कविता जोशीले २ ओभरमा ५ रन खर्चिंदा २ विकेट लिइन् । यस्तै कविता कुँवरले २ विकेट लिँदा १० रन दिइन् ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ६ विकेटको क्षतिमा ८४ रन मात्र जोड्यो ।

नेपालका लागि सीता राना मगरले ३८ रन जोड्दा कप्तान रुबिना क्षेत्रीले १२ रन बनाइन्। यस्तै अप्सरी बेगमले १७ रनको योगदान गरिन्। अरु ब्याटर दोहोरो अंकमा रन जोड्न नपाइ आउट भए। बलिङमा मलेसियाकी अइना हमिजाहले २ विकेट लिइन् ।

अब नेपालले दोस्रो खेल आज (शुक्रबार) बहराइनसँग खेल्नेछ । मलेसियामा सुरु प्रतियोगिताको समूह 'ए' मा नेपालसहित ६ टिमले प्रतिस्पर्धा गर्दैछन्। नेपाल, बहराइन, भुटान, मलेसिया, कतार र युएई समूह 'ए' मा छन्।

समूह 'बी' मा ५ टिम छन् । प्रतियोगिताबाट दुई टिम विश्व छनोटमा पुग्नेछन्। विश्वकप छनोटमा १० टिम सहभागी हुँदा २ टिमले सन् २०२४ मा बंगलादेशमा हुने महिला टी-२० विश्वकपमा स्थान पक्का गर्नेछन्।

### सीता प्लेयर अफ द म्याच

विश्वकप एसिया छनोटको पहिलो खेलमा नेपाललाई ५ रनले जिताउन महत्वपुर्ण रन बनाएकी सीताराना मगर प्लेयर अफ द म्याच बन्न सफल भएकी छिन्। सीताले पहिलो ३ बलमा ३ विकेट गुमाएको नेपाललाई उत्कृष्ट पुनरागमन गराएकी थिईन्। सीताले अविजित रुपमा ३८ रन बनाएकी थिईन्।

# केएमसी बास्केटबल आजदेखि

**काठमाडौं (प्रस)–** केएमसी स्कुलको आयोजनामा तेश्रो केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ। प्रतियोगितामा विभिन्न ४ विधामा ३८ टिमको सहभागिता रहने केएमसीका निर्देशक डा मनोजकुमार थापाले बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। सिनियर ब्वाइजमा १६ तथा जुनियर ब्वाइज र सिनियर गल्समा समान ८-८ टिमले प्रतिस्पर्धा गर्ने छन्।




सिनियर ब्वाइज सहभागी टिमलाई ४ समूह तथा जुनियर ब्वाइज र गल्स टिमलाई २ समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने छ । थ्री अन थ्री स्वरुपमा हुने शिक्षकको प्रतिस्पर्धामा ६ टिमले भाग लिने छन् । प्रतियोगिता सञ्चालन गर्न करिब ३ लाख रुपैयाँ खर्च हुने केएमसीका एकेडेमिक को-ओर्डिनेटर इन्द्रमणि ज्ञवालीले बताए ।

केएमसीका प्रिन्सिपल द्वारिकानाथ अम्गाईंले विद्यालयबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन र विद्यार्थीलाई खेलमा लाग्न प्रोत्साहित गर्न प्रतियोगिता आयोजना गरिएको बताए । भदौ २२ गतेसम्म चल्ने प्रतियोगिताका खेलहरु बुद्धनगरस्थित आयोजकको आफ्नै कोर्टमा खेलाइने छ ।

# बौद्ध इन्टरनेसनल स्कुल च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** बौद्ध इन्टरनेसनल स्कुल उपत्यकाव्यापी बास्केटबल प्रतियोगिताको च्याम्पियन बनेको छ। बौद्धले ब्वाइज र गर्ल्स दुवैको उपाधि आफ्नो पक्षमा परेको हो।

बौद्धले गोकर्णेश्वरको अत्तरखेलमा भएको फाइनल भिडन्तमा टेरेसा एकेडेमीलाई ब्वाइजतर्फ पाखा लागायो। बौद्धले आरोहण श्रेष्ठको ३१ स्कोरको मद्दतमा टेरेसालाई ६३-४२ अंकले पराजित गर्न सफल भयो ।

यता गर्ल्सतर्फ बौद्धले एनसिसिएसलाई हरायो । उपाधि जित्ने क्रममा बौद्ध ३८-३० अंकले विजयी भयो । उसका लागि सजना खत्रीले १३ अंकको योगदान दिइन् ।

प्रतियोगिताको ब्वाइजमा बौद्धका आरोहण तथा गर्ल्समा बौद्धकै डिकी चेनजोम मोस्ट भ्यालुएबल खेलाडी चुनिए ।

यस्तै ब्वाइजतर्फ फुर्वा छेतेन र गर्ल्समा एनसीसीएसकी दिभा महर्जन सर्वाधिक अंक बटुल्न सफल भए । मनास्लु वर्ल्ड स्कुलले फेयर प्लेको उपाधि पाउन सफल भयो । प्रतियोगितामा ब्वाइजमा २४ तथा गर्ल्समा १६ टिमले भाग लिएका थिए ।



**यात्रुको चाप** | दक्षिणपश्चिम चीनको चोङकिङस्थित चोङकिङ उत्तर रेलवे स्टेसनको प्रतीक्षालयमा रेलको प्रतीक्षा गर्दै यात्रुहरु । ६२ दिने ग्रीष्मकालीन यात्रा बिहीबार आधिकारिक रूपमा सकिएकोले भीड देखिएको हो ।
*तस्बिरः सिन्हवा*

# गाँजा खेतीलाई वैधानिक बनाउँदै जर्मनी

**ह्यानोभर–** जर्मनीले गाँजालाई वैधानिकता दिने तयारी गरेको छ । कडा आलोचनाका बावजुद मनोरञ्जनात्मक प्रयोजनका निम्ति गाँजालाई वैधानिक बनाउने तयारी भएको हो । निर्धारित परिमाणमा गाँजा किन्न र राख्न पाइने मस्यौदा कानुनलाई सरकारले अनुमोदन गरेको छ ।

संसद्ले पनि उक्त कानुनलाई अनुमोदन गर्ने विश्वासका साथ गाँजा सेवन गर्नेहरू क्लबमा आबद्ध हुन थालेका छन् । गँजेडीका ‘क्यानाबिस सोसल क्लब’ धमाधम खुलेका छन् । एउटा क्लबमा ५०० भन्दा बढी सदस्य बन्न नपाइने प्रावधान लागू गरिएको छ । सरकारी नियमअनुसार एक जनाले तीनवटा गाँजाका बिरुवा लगाउन पाउनेछ भने सोसल क्लबबाट दैनिक २५ ग्राम र एक महिनामा अधिकतमा ५० ग्राम गाँजा किन्न पाइनेछ । देशभर यस्ता क्लबको संख्या १०० नाघेको छ ।

आफ्नो पूरा नाम उल्लेख गर्न नचाहने तर आफूलाई हेनरी विकरका रुपमा एएफपीसमक्ष आफ्नो पहिचान सार्वजनिक गरेका सोसल क्लबका संस्थापक ५८ वर्षीय पूर्वविद्युत् इञ्जिनियरले क्लबमा आबद्ध हुन ८०० जनाले आवेदन गरेका बताए । उनले ५७ जनाको आवेदनमात्र स्वीकृत गरिएको जानकारी दिँदै उनीहरूसँग व्यक्तिगत छलफल नगरी क्लबको सदस्यता नदिने बताएका छन् । सरकारले गाँजा, हेरोइन र मनोद्दिपक पदार्थलाई लागुपदार्थको एउटै वर्गमा सूचीबद्ध गरेकाले कानुनी झमेलामा नफस्न उनले आवेदकहरूको आशय र उद्देश्य स्पष्ट नभई समूहमा सामेल नगर्ने बताए ।

हेनरीको क्लबले १८ देखि २१ वर्ष समूहका सदस्यलाई एक महिनामा अधिकतम ३० ग्राम गाँजा उपलब्ध गराउने नीति लिएको छ । हाललाई क्लबको सदस्य बन्न २० युरो तिर्नुपर्छ भने हरेक महिना मासिकरुपमा पाँच युरो बुझाउनुपर्नेछ । एक ग्राम गाँजाको मोल पाँचदेखि १५ युरोसम्म निर्धारण गर्नुपर्ने उनले बताए । अठार वर्षमुनिका मानिसलाई सदस्यता दिइदैन ।

गाँजालाई वैधानिकता दिने सरकारी योजनाको चिकित्सक तथा कानुन कार्यान्वयन निकायका अधिकारीले विरोध गरेका छन् । विपक्षी दलका नेताले प्रस्तावको खुलेर निन्दा गरेका छन् । लागुऔषध दुरुपयोगलाई प्रोत्साहन गर्ने प्रस्तावित विधेयक देशका निम्ति अनुपयुक्त भएको उनीहरूको तर्क छ ।

यसैबीच, अमेरिकी स्वास्थ्य र मानव सेवा विभागले ड्रग इन्फोर्समेन्ट एजेन्सी (डिइए)लाई गाँजासम्बन्धी संघीय कानुन उदार बनाउन आह्वान गरेको छ । अमेरिकाका ५० मध्ये ४० राज्यले कुनै न कुनै रूपमा यसको प्रयोगलाई वैधानिक बनाउने कानुन पारित गरे पनि संघीय तहमा यो अवैध मानिन्छ । स्वास्थ्य तथा मानव सेवा विभाग (एचएचएस) ले डिईएसमक्ष आफ्नो राय पेस गरिसकेको छ । गत वर्ष राष्ट्रपति जो बिडेनले महान्यायाधिवक्ता तथा स्वास्थ्यमन्त्रीलाई कम जोखिमयुक्त औषधिको रूपमा गाँजालाई सूचीबद्ध गर्न सकिनेनसकिने भन्नेबारेमा समीक्षा गर्न निर्देशन दिएका थिए । *रासस⁄एएफपी*


## ग्रान्ट शाप्स बने बेलायतको नयाँ रक्षामन्त्री

**लण्डन–** बेलायतका रक्षामन्त्री बेन वालेसले पदबाट राजीनामा दिएका छन् । गत महिना उनले पदबाट राजीनामा दिने घोषणा गरेका थिए ।

अठार वर्षदेखि संसद् सदस्य रहेका वालेस विन्स्टन चर्चिलपछि सबैभन्दा लामो समयसम्म बेलायतको रक्षा मन्त्रालय सम्हाल्ने कञ्जर्भेटिभ दलका नेता हुन् । नौ वर्ष मन्त्री रहेका उनले चार वर्ष रक्षामन्त्रीका रुपमा सेवा गरे ।

त्रिपन्न वर्षीय वालेसलाई प्रधानमन्त्री ऋषि सुनकले पठाउनुभएको पत्रमा रुसविरुद्ध युक्रेनका लागि पश्चिमा सहयोगीहरूको समर्थन जुटाउन उनले निर्वाह गरे प्रमुख भूमिका तथा देशप्रतिको समर्पण र सीपको प्रशंसा गरे । यसैबीच, प्रधानमन्त्री सुनकको कार्यालयले ५४ वर्षीय ऊर्जामन्त्री ग्रान्ट शाप्सलाई रक्षामन्त्री नियुक्त गरेको घोषणा गरेको छ । संवाददाताहरूले नयाँ रक्षामन्त्री शाप्स प्रधानमन्त्रीको कार्यालयमा गएको जनाउँदै उनले बेलायती रक्षामन्त्रीका रुपमा आफूले रुसको अन्यायपूर्ण आक्रमणका विरुद्ध युक्रेनलाई सघाउने प्रतिबद्धता व्यक्त गरे बताएका छन् । शिक्षामन्त्री क्लारी कुथिन्होलाई क्याबिनेट मन्त्रीका रुपमा बढुवा गरेर ऊर्जामन्त्रीको जिम्मेवारी दिइएको छ । *रासस⁄एएफपी*

## जोहानेसवर्गमा आगो लाग्दा ७३ जना जले



**जोहानेसवर्ग–** दक्षिण अफ्रिकाको जोहानेसवर्गको मध्यभागमा अवस्थित पाँच तले एक भवनमा आगो लाग्दा ७३ जनाको मृत्यु भएको छ भने अन्य ५० जनाभन्दा बढी घाइते भएका छन् ।

दक्षिण अफ्रिकाको आपत्कालीन सेवाका प्रवक्ता रोबर्ट मुलाउजीका अनुसार हालसम्म ७३ जनाको शव फेला परेको तथा ५२ जना सामान्य घाइते भएका छन् । उक्त भवनमा बिहीबार बिहान आगो लागेको जानकारी दिँदै उनले खोज तथा उद्धार जारी रहेको बताएका छन् । प्रवक्ता मुलाउजीले मृतकको मृतकको संख्या अझै बढ्नसक्ने बताएका छन् ।

दमकल सेवाका कर्मचारीले आगो निभाइसकेका छन् । घाइतेहरूलाई स्वास्थ्य केन्द्र र अस्पताल पु¥याइएको छ । केही समयअघिसम्म सहरको प्रमुख आर्थिक एवं व्यापारिक केन्द्रमा रहेको उक्त भवनमा घरबारविहीन स्थानीय जबरजस्ती बसेका बताइएको छ । भाग्न छाडेर आफ्ना सरसामान जोगाउने प्रयासमा रहेका केहीले ज्यान नै गुमाएका जनाइएको छ ।

घरबारविहीन व्यक्तिहरू कुनै औपचारिक भाडा सम्झौताविना नै भवनमा सरेका जनाउँदै प्रवक्ता मुलाउजीले भवनमा कति मानिस थिए भन्ने यकीन नहुँदा खोजीमा कठिनाइ भएको बताएका छन् । उनले १५ वर्षको जागिरे जीवनमा यति भयावह घटना नदेखेको बताएका छन् । *रासस⁄एपी*

## ‘भारतलाई सुरक्षा परिषद्बाट बाहिर राख्दा राष्ट्रसंघको विश्वसनीयतामा प्रश्न उठ्छ’



**नयाँदिल्ली–** भारतका विदेशमन्त्री एस जयशंकरले भारतलाई संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को स्थायी सदस्यता प्रदान नगर्दा संयुक्त राष्ट्रसंघकै विश्वसनीयतामा प्रश्न उठ्ने बताएका छन् ।

दिल्ली विश्वविद्यालयमा बिहीबार आयोजित एक कार्यक्रममा विदेशमन्त्री जयशंकरले दोस्रो विश्वयुद्धको समयमा गठन भएको विश्वसंस्थामा त्यतिबेला ५० सदस्य राष्ट्रमात्र रहेका तर अहिले १९३ देश सदस्य रहेकाले परिवर्तित समयअनुरुप राष्ट्रसंघको संरचनामा परिवर्तन आवश्यक भएको बताए । उनले भिटो शक्तिमा निहित पाँच स्थायी सदस्यलाई यात्रीवाहक बसको पहिलो पंक्तिमा बस्ने यात्रीका रुपमा तुलना गर्दै उनीहरूले आफ्नो ठाउँ नछोड्ने बताए । अफ्रिकी, ल्याटिन अमेरिकी र जनसंख्याका हिसाबले विश्वको सबैभन्दा ठूलो देश र पाँचौं ठूलो अर्थतन्त्रलाई भारतलाई सुरक्षा परिषद्बाट बाहिर राख्न नसकिने तर्क गर्दै त्यस गरेमा संयुक्त राष्ट्रसंघकै विश्वसनीयतामा प्रश्न उठ्ने विदेशमन्त्रीले दोहो¥याए ।

ब्राजिल, रुस, भारत, चीन र दक्षिणअफ्रिका सम्मिलित ब्रिक्सले सुरक्षा परिषद्को सदस्यता परिवर्तन गर्नुपर्छ भनेर पहिलोपटक बोलेको बताउँदै विदेशमन्त्री जयशंकरले इतिहास भारतको पक्षमा रहेको र उक्त अन्तर्राष्ट्रिय संस्थामा परिवर्तन आउने विश्वास व्यक्त गरे । ‘केही शक्तिले भारत सुरक्षा परिषद्को सदस्य नबनोस् भनेर हामीविरुद्ध लागे पनि एक दिन हाम्रो अवश्य विजय हुनेछ,’ । रासस⁄एएनआई


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UPAYAPADU RESOURCES SDN BHD

पूर्व स्वीकृति मितिः २०८०/०२/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१४ LT. No. 286398 चलानी नं.६०२०७०५७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 250 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तरवार्ता धमाधम भईरहेको छ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २२ गते (8th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००⁄- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054401, 9765229376

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAMED BIN SAUD BIN SAMAR AL-OTAIBI AND HIS PAFTNER COMPANY

पूर्व स्वीकृति मितिः २०८०/०५/१३ LT No. 291879 चलानी नं.६०२०७०६०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Cleaning Worker | 10 | 0 | 1000 | ३५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २२ गते (8th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००⁄- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**
Govt. License 1553/079/80
Budhanilkantha-9, Kathmandu, BAGMATI, Contact: 9847416116
Email: hiringalfaraz@outlook.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FORCE ONE CONTRACTING & CLEANING W.L.L

पूर्व स्वीकृति मितिः २०८०/०३/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१४ LT No :288691 चलानी नं. ६०२०४००८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Accountant Gen | 0 | 1 | 4000 | १४४,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 3 | Cashier | 1 | 2 | 1500 | ५४,०४५ | | | | | | | |
| 4 | Foreman | 5 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 5 | General Clean Worker | 18 | 3 | 1000 | ३६,३१० | | | | | | | |
| 6 | Labour | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 7 | Painter | 1 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 8 | Plumber | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 9 | Secretary | 0 | 1 | 2100 | ७५,६६० | | | | | | | |
| 10 | Supervisior | 5 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 11 | Waiter | 1 | 3 | 1500 | ५४,०४५ | | | | | | | |

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL

पूर्व स्वीकृति मिति २०८०/०४/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/१४ LT. No. 289954 चलानी नं. ६०२०५२५३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Admin Director | 0 | 1 | 6000 | २१६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 4 | Electrician | 3 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 6 | General Clean Worker | 15 | 24 | 1000 | २६,३१० | | | | | | | |
| 7 | Helper | 1 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 8 | Labour | 10 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 9 | Manager Variety | 1 | 0 | 6000 | २१६,०५० | | | | | | | |
| 10 | Mason | 4 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 11 | Painter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 12 | Plaster Worker | 5 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 13 | Plumber | 1 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 14 | Receptionist | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 15 | Salesman | 1 | 0 | 1700 | ६१,२१५ | | | | | | | |
| 16 | Supervisior | 11 | 1 | 2500 | ९०,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ २२ गते (8th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००⁄- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फयाक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

काठमाडौं जि.प्र.का.द.नं. ४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ११२८०० | प्रति तोला – ११२२५० | प्रति तोला – १४८० |



**विद्युतीय सवारी चार्ज गरिंदै** भरतपुरको केन्द्रीय बस टर्मिनलमा निर्माण गरिएको विद्युतीय सवारी चार्जिङ स्टेसनमा सवारी चार्ज गरिंदै ।
*तस्बिर: सनद अधिकारी/रासस*

# ‘नेपालमा सूचना प्रविधि र पर्यटनको प्रचुर सम्भावना छ’

■ **प्रभाव संवाददाता**

**काठमाडौं** – अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालमा सूचना प्रविधि र पर्यटनको प्रचुर सम्भावना रहेकाले पूर्वाधार निर्माण गर्न आवश्यक रहेको बताएका छन् ।

इन्स्टिच्युट फर स्ट्राटेजिक एण्ड सोसियो इकोनमिक रिसर्च (आइएसएसआर) द्वारा काठमाडौंमा आयोजित ‘साना राष्ट्रको क्षमता : नेपालमा प्रतिस्पर्धाको परख र विदेश नीतिको प्राथमिकता’ विषयक विचार गोष्ठीमा अर्थमन्त्री डा. महतले नेपालमा सूचना प्रविधि र पर्यटनको प्रचुर सम्भावना भएकाले आवश्यक पूर्वाधार निर्माण गरी त्यसको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए ।

‘नेपालमा सूचना प्रविधि( आइटी)का क्षेत्रमा ठूलो सम्भावना रहेकाले सरकारले प्रोत्साहन गरिरहेको छ’, उनले भने, ‘चालु आवको बजेटमा आइटी क्षेत्रमा लगाउँदै आइएको आम्दानी कर ५० प्रतिशत कम गर्ने नीति लिइएको छ । नेपालमा प्रविधिको क्षेत्रमा ठूलो अवसर रहेको छ ।’

मन्त्री डा महतले ५० देखि सतप्रतिशत छात्रवृत्ति विना विदेशमा अध्ययनका लागि जान नहुने धारणा राख्दै नेपालमा पनि शिक्षाका क्षेत्रमा पनि धेरै अवसर भएकाले सोको सदुपयोग गर्नुपर्नेमा जोड दिए ।



मन्त्री डा महतले पछिल्लो समय ठूलो सफ्यामा युवा आइटीमा लागे पनि करको दायरामा भने नआएको बताए । उनले नेपालबाट बेलायतमा सय मिलियन पाउण्ड बराबरको सफ्टवयेर निर्यात हुने गरेको बेलायतले स्वीकार गरेको दाबीसमेत गरे ।

‘अहिले नेपालमा ठूलो सफ्यामा युवा आइटीमा लाग्नुभएको छ तर करको दायरामा आउनुभएको छैन’, मन्त्री डा महतले भने, ‘नेपालबाट बेलायतमा एक सय मिलियन पाउण्ड बराबरको सफ्टवेयर निर्यात हुने गरेको छ ।’

पर्यटन प्रवर्द्धनका लागि ऋण लिएर पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बनाए पनि ऋण कसरी तिर्ने भन्ने समस्यामा सरकार रहेको उनले बताए । ‘ऋण लिएर पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बनायौं । कसरी ऋण तिर्ने भन्ने भइरहेको छ’, मन्त्री डा महतले भन्नुभयो, ‘त्यो भन्दा पहिला निजगढमा विमानस्थल बनाउन पाएको भए राम्रो हुन्थ्यो ।’ नेपालको अन्तर ािष्ट्रिय विमानस्थलको क्षमता निश्चित रहेकाले धेरै पर्यटक आउ भन्न सक्ने अवस्था नभएको उनको भनाइ थियो ।

कार्यक्रममा पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले नेपालको अर्थतन्त्रमा आर्थिक चुनौती यथावत् रहेकाले अहिलेको अर्थतन्त्रको ‘ट्रेण्ड’लाई बदल्न जरुरी रहेको धारणा राखेका थिए । उनले दुई छिमेकी राष्ट्रको बढ्दो अर्थतन्त्रबाट फाइदा लिन सक्ने गरी अर्थतन्त्रको स्वरुप फेर्नुपर्नेमा जोड दिए ।

पूर्वअर्थमन्त्री पाण्डेले भने, ‘नेपालको पर्यटन र पूर्वाधार क्षेत्रको विकाससँगै अर्थतन्त्रलाई गति दिन भारत र चीनबाट पर्यटक भित्र्याउने गरी कार्यक्रम ल्याउन आवश्यक छ ।’ उनले मुलुकको हालको अर्थतन्त्रको अवस्थालाई बदल्न अमेरिकालगायतका ठूला शक्ति राष्ट्रको साथ चाहिने उल्लेख गरे । हाल विदेशी मुद्रा सञ्चिति राम्रै रहे पनि आर्थिक चुनौती यथावत् नै रहेको उनको भनाइ थियो ।

पूर्वअर्थमन्त्री जनार्दन शर्माले नेपालका दुई छिमेकी भारत र चीनमा आर्थिक विकास द्रूत गतिमा भइरहेकाले त्यसबाट हामीले पनि सिक्नुपर्ने बताए । ‘आज बाटो बनाउने भोलि भत्काउने खालको विकासले हामी कहीं पुग्दैनौं’, उनले भने, ‘हामीले सन्तुलित एउटा परराष्ट्र नीतिलाई आत्मसात गर्दै सबै ठूला र विदेशी राष्ट्रसँग मैत्रीपूर्ण सम्बन्ध राखेर मात्र हामी अगाडि बढ्न सक्छौं, त्योभन्दा अर्को विकल्प हामीसँग छैन् ।’

नेपालमा आउने विप्रेषण (रेमिटेन्स)को सदुपयोग गरेर लगानीका क्षेत्रमा महत्वपूर्ण कार्य गर्न सकिने जनाउँदै पूर्वअर्थमन्त्री शर्माले विकास र प्रविधिका क्षेत्रमा विकसित राष्ट्रबाट धेरै कुरा सिक्नुपर्ने बताए ।

# सात कम्पनी कालोसूचीमा

■ **प्रभाव संवाददाता**

**चितवन** – तोकिएको समयमा काम पूरा नगर्ने सात निर्माण कम्पनीलाई भरतपुर महानगरपालिकाले कालो सूचीमा राखेको छ । महानगरको सिफारिसमा सार्वजनिक खरिद अनुगमन कार्यालयले उनीहरुलाई कालोसूचीमा राखेको हो ।

जन कन्स्ट्रक्सन, अर्भान कन्स्ट्रक्सन, शिवालय विल्डर्स, अनुष्ठान कन्स्ट्रक्सन, एकेज कन्स्ट्रक्सन, एञ्जल निर्माण सेवा र युद्ध निर्माण सेवालाई महानगरको सिफारिसमा कार्यालयले कालो सूचीमा राखेको महानगरका सिनियर डिभिजनल इञ्जिनियर सन्तोष आचार्यले जानकारी दिए । उनका अनुसार आर्थिक वर्ष २०७७/७८ देखि निर्माणको जिम्मा लिएर काम सम्पन्न नगर्ने ती कम्पनीलाई कालो सूचीमा राखिएको हो । १६ वटा निर्माणको ठेक्का लिएका सात कम्पनीलाई कालो सूचीमा राखिएको उनले बताए ।

उनीहरुलाई एक वर्षदेखि तीन वर्षसम्म कुनै पनि ठेक्का सम्झौता वा निर्माण कार्य गर्न नपाउने गरी कालो सूचीमा राखिएको इञ्जिनियर आचार्यले बताए । ‘आव २०७७/७८ मा सुरु भएका ११ निर्माणका काम अझै पूरा हुन सकेका छैनन्’, उनले भने, ‘आव २०७८/७९ मा २० ठेक्का बाँकी रहेका छन् भने २०७९/८० मा एक सय पाँच निर्माणको ठेक्का सम्झौता भई सञ्चालनमा छन् ।’

चालु आवमा एउटा ठेकेदार कम्पनीलाई कालो सूचीमा राख्नका लागि सिफारिस गरिएको छ भने छ ठेक्का सम्झौता तोड्ने अन्तिम चरणमा महानगर रहेको इञ्जिनियर आचार्यले बताए । उनका अनुसार सम्झौता गरी काम नगरेका र सम्झौता गर्न नआएका निर्माण व्यवसायीको सम्झौता रद्द गर्न लागिएको हो ।

भरतपुर महानगरले भौतिक संरचना, सडक निर्माण, कल्वर्ड, सतह ढल, ढल निर्माण, मेस जाली लगायत काम गर्दै आएको छ । जसमध्ये ८० प्रतिशत सडक निर्माणको काम रहेको उनको भनाइ थियो ।

# चर्को कर नलिन आग्रह

■ **प्रभाव संवाददाता**

**सुन्दरहरैंचा (मोरङ)**– मोरङको सुन्दरहरैंचा नगरपालिकाले करको दायरालाई वृद्धि गरेको जनाउँदै यसलाई फिर्ता गर्न आग्रह गरिएको छ । विभिन्न राजनीतिक दलले यहाँ चरणबद्ध संघर्षका कार्यक्रमलाई जारी राख्दै सर्वसाधारणले तिर्न नसक्नेगरी निर्धारण गरिएको करलाई पुनरावलोकन गर्न माग गरेका हुन् ।

ती दलले पहिलाकै अवस्थामा करलाई ल्याउन अनुरोध गर्दै यसो नगरिए थप आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् । ‘कर तिर्न हामी तयार छौं तर नाजायज कर तिर्न हामी बाध्य छैनौं’ भन्ने नाराका साथमा बृहत् नागरिक कार्यक्रम समेत आयोजना गरिएको छ । कार्यक्रमसँगसँगै करवृद्धिविरूद्धको हस्ताक्षर संकलन जारी राखिएको छ । इन्द्रपुर साना शहरी खानेपानी तथा सरसफाइ आयोजना उपभोक्ता समिति अध्यक्ष नवराज चापागाईंले वृद्धि भएको कर नघटाएसम्म आन्दोलनका कार्यक्रम जारी रहने बताए ।




सुन्दरहरैंचा नगरपालिकाको १२औं नगरसभाबाट आव २०८०/८१ का लागि पारित आर्थिक ऐन, २०८० जनताका पक्षमा नदेखिएको सुन्दरहरैंचा नगरपालिकाका संस्थापक नगर प्रमुख शिवप्रसाद ढकाल जानकारी दिए ।

उनले जनताको जीवनस्तरलाई कसरी सहज बनाउने, खस्कदो व्यवसायलाई कसरी प्रोत्साहित गर्ने र आत्मनिर्भर बन्न नगरस्तरीय आन्तरिक उत्पादनको वृद्धि कसरी गर्ने भन्ने तर्फ ध्यान दिन आग्रह गरे । स्थानीय शिक्षासेवी तथा राजनीतिकर्मी महेश आचार्यले जनभावनाको कदर गर्दै कर सन्तुलित र जनप्रिय बनाउन सुझाव दिए । राष्ट्रिय स्वतन्त्र पार्टीका नवनिर्वाचित नगरसभापति टेकमणि न्यौपाने (विवेक)ले हालको अव्यावहारिक आर्थिक ऐन, २०८० लाई व्यावहारिक बनाउन माग गरे ।

सुन्दरहरैंचा नगरपालिकाका नगरप्रमुख केदारप्रसाद गुरागाँईले जग्गाको वर्गीकरण गर्ने क्रममा सामान्य कर बढेको हुनसक्ने उल्लेख गर्दै बढी भए पुन: विचार गरिने बताए । ‘आफ्नो जग्गाको वर्गीकरण परिवर्तन गर्न चाहेमा नगरमा निवेदन दिन सकिने छ’, उनले भने, ‘जग्गाको वर्गीकरण जनताको हित र भलाइका लागि परिवर्तन पनि हुनेछ ।’

# इभी अन्तर्राष्ट्रिय प्रदर्शनी आजदेखि

■ **प्रभाव संवाददाता**

**काठमाडौं**– नेपाल पावर, लाइट एण्ड इलेक्ट्रिक, नेपाल कन्जुमर इलेक्ट्रोनिक्स एण्ड होम अपलायनसेस तथा नेपाल ईभी अन्तर्राष्ट्रिय प्रदर्शनी आज (शुक्रबार) देखि हुने भएको छ । मिडिया स्पेस सोलुसनस, फ्युचरेक्स ट्रेड फेर एण्ड इवेंट्स, एक्जीबीसन एण्ड ट्रेड सर्विसेस इन्डिया प्रालि तथा इलेक्ट्रिक भेइकल म्यानुफ्याकचरर एण्ड इम्पोर्टरस एशोसिएशन अफ नेपाल को सयुक्त आयोजनामा सो प्रदर्शनी हुन लागेको हो ।

यही भदौ १५ देखि १७ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा हुन लागेको प्रदर्शनीको उद्देश्य मुलुकमा बढ्दो उत्पादित जलविद्युत्को विभिन्न विद्युतीय माध्यमबाट उपभोग बढाइ देशलाई आर्थिक रुपमा सवलिकरण गर्ने रहेको आयोजकले जनाएको छ । उक्त प्रर्दशनीमा स्वदेशी तथा विदेशी गरी १०० भन्दा बढी कम्पनीको प्रदर्शनी कक्ष रहने छन् ।

विद्युतीय सवारीलाई प्रवर्द्धन तथा प्रोत्साहन गर्ने, विद्युत् तथा गुणस्तरीय विद्युतीय सामग्रीको व्यवसाय विकास एवं यस क्षेत्रसँग आवद्ध आन्तरिक र अन्तर्राष्ट्रिय व्यापारको सहजीकरण एवं प्रवर्द्धका लागि प्रदर्शनी आयोजना गर्न लागिएको आयोजकले जनाएका छन् । यस प्रदर्शनीमा विद्युतीय कार, विद्युतीय स्कुटर, मोटरसाइकल, विद्युतीय साइकल तथा रिक्सा, चार्जिङ स्टेशन, ब्याट्री, ट्रान्समिसन तथा डिष्ट्रिव्यूसन सामग्री, ऊर्जा आपूर्ति तथा नियन्त्रणयन्त्र, हाउस वायरिङ सामग्री, वायर, केबुल एवं कण्डक्टर, अत्याधुनिक प्रकारका स्वीच, एलिडी लाइटिङ, इलेक्ट्रोनिक्स उपकरण, घरेलु विद्युतीय उपकरणहलगायत विद्युतीय सामग्रीका कम्पनीको सहभागिता रहनेछ ।

राष्ट्रिय एवं अन्तर्राष्ट्रिय इलेक्ट्रिक, इलेक्ट्रोनिक्स, सञ्चार एवं सूचना प्रविधि तथा विद्युतीय एवं वैकल्पिक ऊर्जा उद्यमीलाई एकै स्थानमा जमघट गराई व्यावसायिक प्रबर्द्धन गरिने आयोजकको दाबी छ । साथै यी उद्योगमा भएका नविनतम उपलब्धिबारे सूचना आदानप्रदान गर्ने तथा उपभोक्ता वर्गमा ऊर्जाको व्यवस्थित खपतको महत्वबारे जानकारी अद्यावधिक गराउन सहयोग पुऱ्याउने लक्ष्य यस संस्करणको रहेको आयोजकले छ ।

यस प्रर्दशनीमा सहयोगी संस्थाको भूमिकामा वैकल्पिक ऊर्जा प्रवर्दन केन्द्र, नेपाल विद्युत प्राधिकरण तथा युएसआईडी क्लिन एयर/एफएचाइ तीन सय ६० रहेका छन् । साथै ल्यान्यार्ड सहयोगीमा यासुडा तथा ई कमर्स सहयोगीमा दराज रहेको छ ।

भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं ।
- बस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।

भू-क्षयबाट बचौं र बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ